म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २२२ सोमबार, ११ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 24 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## क्षयरोगका ४० प्रतिशत बिरामी लुकेरबसेको हुनसक्ने अनुमान

हेटौंडा, १० चैत/क्षयरोगका ४० प्रतिशत बिरामी समाजमा लुकेरबसेको हुनसक्ने अनुमान गरिएको छ । विश्व क्षयरोग दिवसको पूर्वसन्ध्यामा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले पत्रकार सम्मेलनको आयोजना गर्दै यो जानकारी दिएको हो । पत्रकार सम्मेलनमा केन्द्रका निर्देशक डा. श्रीराम तिवारीले गतवर्ष पत्ता लागेका ४० हजार सात सय ७६ जना बिरामी उपचाररत रहेको जानकारी दिएका छन् । उनले नेपालमा वार्षिक ६८ हजार क्षयरोगका बिरामी हुने गरेको तथ्यांक रहेको जानकारी दिए । निर्देशक तिवारीले उपचारको दायरामा नआउने र लुकेर बस्ने बिरामीको खोजी गर्न केन्द्रले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए । क्षयरोगी बिरामीमा पुरुषको संख्या ६१ प्रतिशत तथा महिलाको संख्या ३९ प्रतिशत रहेको उनको भनाई छ । तिवारीकाअनुसार १४ वर्षमुनिका बालबालिकामा समेत क्षयरोगको संक्रमण बढ्दै गएको छ । क्षयरोग बिरामीमा १४ वर्षमुनिका बालबालिका ८.६ प्रतिशत रहेको उनले बताए ।

### कूल जनसंख्याको वार्षिक वृद्धिदर ०.९२ प्रतिशत, ज्येष्ठ नागरिकको वार्षिक वृद्धिदर ३.२९ प्रतिशत

## ८५ प्रतिशत बढी ज्येष्ठ नागरिक ग्रामीण क्षेत्रमा बस्ने

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ २०७८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालमा ज्येष्ठ नागरिकको वार्षिक वृद्धिदर ३ दशमलव २९ प्रतिशत रहेको छ ।

आइतबार राष्ट्रिय समावेशी आयोगले हेटौंडामा आयोजना गरेको बृद्धाश्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आधार र मापदण्ड विषयक छलफल कार्यक्रममा यो जानकारी दिइएको हो । २०७८ को जनगणनाअनुसार नेपालको कूल जनसंख्याको वार्षिक वृद्धिदर ० दशमलव ९२ प्रतिशत रहँदा ज्येष्ठ नागरिकको वार्षिक वृद्धिदर भने ३ दशमलव २९ प्रतिशत रहेको आयोगका सचिव बलराम निरौलाले जानकारी दिएका छन् ।




त्यसैगरी २०५८ को जनगणनाअनुसार नेपालमा ज्येष्ठ नागरिकको संख्या कुल जनसंख्याको ६ दशमलव ५ प्रतिशत अर्थात् १५ लाख, २०६८ मा ८ दशमलव १३ प्रतिशत अर्थात् २१ लाख ५४ हजार र २०७८ मा १० दशमलव २१ प्रतिशत अर्थात् २९ लाख ७० हजार रहेको छ । नेपालमा ८५ प्रतिशत भन्दा बढी ज्येष्ठनागरिक ग्रामीण क्षेत्रमा बस्ने गरेको पाइएको छ । ग्रामीण क्षेत्रमा बस्ने अधिकाशं ज्येष्ठ नागरिक कृषिपेशामा आबद्ध रहेको र अवसरबाट वञ्चित हुन पुगेको आयोगका सचिव निरौलाले जानकारी दिएका छन् ।

अशिक्षा र कमजोर खानपानको कारण ज्येष्ठ नागरिकमा पोषणको समस्या देखिने गरेको उनले बताए । ६५ वर्षभन्दा माथिको उमेरका ज्येष्ठ नागरिकमध्ये ४७ प्रतिशत ज्येष्ठ नागरिक अझै आर्थिक रुपमा सक्रिय रहेको आयोगको अध्ययनले देखाएको छ । ८० प्रतिशत भन्दा बढी ज्येष्ठ नागरिक छोरासँग बस्ने गरेको र छोरीसँग बस्ने ज्येष्ठ नागरिकको अनुपात २ दशमलव ७ प्रतिशत रहेको आयोगका सचिव निरौलाले बताए ।

कूल ज्येष्ठ नागरिकको संख्यामा ९ दशमलव ११ प्रतिशत विधुर र २४ दशमलव ९४ प्रतिशत विधवा ज्येष्ठ नगरिक रहेका छन् । ज्येष्ठ नागरिकको जीवनयापनमा समस्या देखिएमा पालनपोषणको कर्तव्य भएको व्यक्तिको आम्दानीबाट मासिकरुपमा सम्वन्धित ज्येष्ठ नागरकको खातामा रकम जम्मा गर्न लगाउने, उजुरी लिने, मेलमिलाप गराउनुपर्ने जस्ता कार्य गर्न स्थानीय तहलाई आयोगले आग्रह गरेको छ । ज्येष्ठ नागरिकको ज्ञान, सीप, क्षमता र अनुभवको उपयोग गर्ने खालको नीति ल्याउन आयोगले सरकारलाई सिफारिस गरेको छ ।

ज्येष्ठ नागरिकमैत्री पूर्वाधार र सुविधा विस्तार गरी स्वास्थ्य सेवा र सार्वजनिक यातायातमा सुविधाको प्रबन्ध गर्न सिफारिस गरिएको सचिव निरौलाले बताए । हेटौंडा उपमहानगरपालिकाले ज्येष्ठ नागरिकको लागि वडास्तरीय तथा नगरस्तरीय जेष्ठ नागरिक मञ्च गठन गरिएको, अन्तरपुस्ता सीप हस्तान्तरण जस्ता कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ ।

छलफलमा बोल्ने वक्ताले जेष्ठ नागरिकको सवालमा सरकार परिवर्तन भएपिच्छे नीति पनि परिवर्तन भएको गुनासो गरेका थिए । सामाजिक सुरक्षा भत्ताको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा कतिपय ज्येष्ठ नागरिक छुट्ने गरेको उनीहरुले बताए । स्वास्थ्यउपचारमा छुट दिने व्यवस्था भएपनि त्यो पूर्णरुपमा कार्यान्वयन हुन नसकेको उनीहरुले बताएका थिए । बृद्धाश्रममा भएको ज्येष्ठनागरिकको नागरिकता बनाउन समस्या पर्ने गरेकोले त्यसको सहजीकरण सरकारले गर्नुपर्ने उनीहरुको भनाई थियो ।

ज्येष्ठ नागरिकको हक अधिकारबारे बोल्ने मञ्च प्रदेशस्तरमै गठन गर्न माग गरेका छन् । ज्येष्ठ नागरिकलाई लक्षित गरी पार्कहरु पनि निर्माण गर्नुपर्ने उनीहरुको भनाई छ । तीनवटै तहको सरकारले ज्येष्ठ नागरिक, बालबालिकाको लागि पनि बजेट छुट्याउनु पर्ने उनीहरुले बताए । कार्यक्रममा आयोगकी कार्यबाहक अध्यक्ष विष्णुमाया ओझाले देशमा वृद्धाश्रम नै नहोस् भन्ने आफूहरुले चाहना रहेको बताइन् । सरकारले निर्माण गरेका कतिपय वृद्धाश्रमका भौतिक संरचना कमजोर रहेको उनले बताइन् । कार्यबाहक अध्यक्ष ओझाले केही नभएका र कोही नभएकाको अभिभावकत्व सरकारले लिनुपर्ने बताइन् ।

अवसर र पहुँचबीचमा रहेको पर्खाल तोड्नुपर्ने उनको भनाई छ । सबैले सबैको अस्तित्वलाई स्वीकार गर्नुपर्ने उनले बताइन् । सरकारी निकायले दिने कृषि अनुदानहरु हुनेखानेलाई भन्दा हुँदा खानीलाई दिनुपर्ने उनको सुझाव छ । स्थानीय सरकार जनतासँग सबैभन्दा पहिले भेटिने सरकार भएकोले पछाडि परेको बर्गलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्न उनले आग्रह गरिन् । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रप्रसाद कँडेल, प्रमुख प्रशासकीय अधिकृत भरत गौतम, वडाअध्यक्षहरु लगायतको आतिथ्यता रहेको थियो ।

## त्रिभुवन राजपथको सीमा नापी गर्न डिभिजन सडक हेटौंडाको पत्राचार

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ सर्वोच्च अदालतले वीरगञ्ज महानगरको मुख्यसडक विस्तार विरुद्धको रिट खारेज गरेसँगै सडक डिभिजन कार्यालय हेटौंडाले यो खण्डमा पर्ने सडकको सिमांकन गरी दिन नापी कार्यालय पर्सालाई पत्राचार गरेको छ ।

सडक डिभिजन हेटौंडाका डिभिजनप्रमुख गुरुप्रसाद अधिकारीले ८ चैतमा नापी कार्यालयलाई पत्र लेखेर त्रिभुवन राजपथअन्तर्गत पर्ने गण्डकचोक-पावरहाउस-घण्टाघर-विर्ता-रजतजयन्तीचोक-मितेरी पुलसम्मको सडकमा २५-२५ मिटरको सीमाक्षेत्र सिमाङ्कन गर्नुपर्ने भएकाले सोही बमोजिम गरी सडक सम्पत्ति संरक्षण गर्ने कार्यमा सहयोग गर्न अनुरोध गरेको हो ।

डिभिजन प्रमुख अधिकारीले सर्वोच्च अदालतको पूर्णपाठ आउनु अगावै सडक विस्तार हुँदा प्रभावित हुने घर, टहराको विवरण संकलन गर्न नापी कार्यालयलाई सिमाङ्कनका लागि अनुरोध गरिएको बताए । 'सर्वोच्च अदालतले रिट खारेज गरेपछि सडक विस्तारका लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्न सिमाङ्कन गर्न लागेका छौं', उनले भने, 'सर्वोच्च अदालतको पूर्णपाठ हेरेपछि मात्रै सडक विस्तार अघि बढ्ने कामको सुरुवात गरिनेछ । यसले सडक विस्तारबाट हुने प्रभावित घरधुरीको यकीन विवरण संकलन थालिएको हो ।'

डिभिजन प्रमुख अधिकारीले सडकको सिमाङ्कनका लागि तीन महिनाको अवधि लाग्नसक्ने अनुमान गरेका छन् । 'हामीले नापी कार्यालयलाई पत्राचार गरिसक्यौं । अब उहाँहरुले कति समय लगाएर यकीन विवरण संकलन गर्नुहुन्छ', उनले भने । वीरगञ्ज महानगर-९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले सडक विस्तार गर्न नहुने भन्दै वीर गञ्ज बचाऊ संघर्ष समितिको नेतृत्व गर्दै आइरहेको छ । वडाध्यक्ष गुप्ताले वीरगञ्जको पुरानो तथा ऐतिहासिक मेडरोड (प्रमुख मार्ग) को बजार हटाएर जनतालाई विस्थापित गर्न नहुने धारणा राखेका छन् ।

गण्डकबाट रजतजयन्ती चोकसम्म कम्तिमा एक हजार एकसय घरधुरी प्रभावित हुने देखिन्छ', उनले भने, 'यसले वीरगञ्जका करिब २० हजारभन्दा बढी सर्वसाधारणलाई घरविहीन बनाउने अवस्था सिर्जना गर्दैछ । त्यसैले जनतालाई हटाउने खालको विकास आवश्यक छैन ।' वडाध्यक्ष गुप्ताले वीरगञ्जमा बाइपास सडक, रेल्वे सडक, पर वानीपुरबाट ड्राइपोर्टसम्म पर्याप्त सडक भएकाले बजारभित्रबाट राजमार्ग विस्तार गर्नुको औचित्य नभएको दाबी गरे ।

वीरगञ्ज महानगरप्रमुख राजेशमान सिंह सडक विस्तार गर्नुपर्ने पक्षमा छन् । सर्वोच्च अदालतका न्यायधीश विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले गत फागुन २८ गते रिट निवेदकको पाँचवटै रिट खारेज गरेसँगै डिभिजन सडक कार्यालय हेटौंडालाई वीरगञ्जको प्रमुखमार्गको दायाँबायाँ २५-२५ मिटर चौडा गर्ने बाटो खुलेको हो ।

वीरगञ्जका छुट्टाछुट्टै पाँच घरधनी निवेदकले विभिन्न मितिमा यो सडकको दायाँबायाँ २५-२५ मिटर विस्तार गर्न नहुने भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । वीरगञ्ज महानगरका लक्ष्मण साह रौनियारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई विपक्षी बनाएर २०७६ मा सडक विस्तार रोक्नुपर्ने माग राख्दै रिट दायर गरेका थिए ।

## कांग्रेसले बागमती प्रदेश, क्षेत्रीय सभापतिलाई दियो प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ नेपाली कांग्रेस बागमती प्रदेश प्रशिक्षण विभागले बागमती प्रदेश कार्यसमिति र बागमती प्रदेशका प्रदेशसभा ६६ क्षेत्रीय सभापतिलाई संगठन सुदृढीकरण र समसामयिक राजनीतिक घटनाक्रमबारे प्रशिक्षण दिएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेशका उपसभापति एवम् प्रशिक्षण विभागप्रमूख चन्द्र महर्जनको सभाध्यक्षतामा आईतबार ललितपुरको ग्वार्कोमा भएको प्रशिक्षण कार्यक्रमको कांग्रेस केन्द्रीय सभापति शेरबहादुर देउवाले उद्घाटन गरेका हुन । प्रमूख अतिथि सभापति देउवाले प्रशिक्षणले संगठन सुदृढिकरण र विस्तारमा सहज हुने बताउँदै क्षेत्रीय सभापतिलाई अहिले विकसित राजनीतिक घटनाक्रम र कांग्रेसको भावी रणनीतिबारे स्थानीय नेता कार्यकर्तालाई प्रकाश पार्न निर्देशन दिए ।

कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले प्रशिक्षणले गाउँगाउँमा रहेका आमकार्यकर्ता तथा जनतालाई कांग्रेसको धारणाबारे जानकारी दिन सहज हुने बताउँदै कांग्रेसले पार्टीको विधान, नेपालको संविधान संसोधन गर्दैगर्दा ब्यवहारिक र बैज्ञानिकतालाई जोड दिनुपर्ने बताए । प्रशिक्षण कार्यक्रम कांग्रेस बागमती प्रदेश प्रशिक्षण विभागको आयोजना तथा प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमिति २ क ललितपुरको व्यवस्थापनमा भएको हो ।

कांग्रेसका महामन्त्री गगनकुमार थापाले प्रदेश कार्यसमिति र प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार, केन्द्रीय प्रवक्ता डा. प्रकाशशरण महतले आर्थिक रुपान्तरणमा कांग्रेसको भूमिका, कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका निर्देशक डा. कृष्णप्रसाद पौडेलले कांग्रेसको सांगठानिक अवस्था र संगठन विस्तारको रणनीति, कार्यकारी निर्देशक डा. बुद्धीमान श्रेष्ठले कांग्रेसको आदर्श, सिद्धान्त र समसामयिक मुद्दाका साथै कांग्रेस बागमती प्रदेश कोषाध्यक्ष डा. भद्रा पराजुली भण्डारीले संघीय समावेशी गणतन्त्रमा महिलाको भूमिकाबारे प्रशिक्षण दिएका थिए ।

## आज कुलमान राक्सिराङ आउँदै, चेपाङ गाउँमा स्वागतको तयारी




साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ उज्यालो नेपालका नायक भनेर चिनिएका नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ सोमबार राक्सिराङ आउने भएका छन् ।

देशमा भइरहेको १८ घण्टासम्मको लोडसेडिङ हटाएका घिसिङलाई राक्सिराङमा भव्य स्वागतको तयारीसमेत भएको बताइएको छ । गाउँपालिका कार्यालयले बिशेष सम्मानका साथ घिसिङलाई चेपाङलाई बिजुली कार्यक्रमको शुभारम्भ गराउन राक्सिराङ निम्त्याएका हो । घिसिङले राक्सिराङ-९ खैराङमा रहेको ट्रान्समिटर सुचारु गराएर चेपाङलाई बिजुली कार्यक्रम सुरु गर्ने तयारी छ ।

घिसिङले विपन्न चेपाङ, तामाङ समुदायलाई निशुल्क मिटर वितरण गर्ने कार्यक्रम रहेको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । अध्यक्ष मल्लले गाउँपालिकाले प्रतिष्ठाको रुपमा लिएर आव २०७६/७७ देखि नै चेपाङलाई बिजुली कार्यक्रम अघि बढाएको स्मरण गर्दै प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले पूर्ण साथ दिएको उल्लेख गरे । योसँगै अब राक्सिराङको सबै वडामा विद्युतको पहुँच पुगेको अध्यक्ष मल्लले बताए ।

चेपाङ बाहुल्यक्षेत्रमा कुलमान पहिलोपटक आउन लागेका हुन् । संविधानसभा सदस्य गोविन्दराम चेपाङ, बागमती प्रदेशका पूर्वराज्य मन्त्री सन्तबहादुर प्रजा, निवर्तमन बागमती प्रदेशसभा सदस्य ओम बहादुर ग्लानलगायत गाउँपालिका जनप्रतिनिधि सबै कुलमानको स्वागतका लागि कार्यक्रममा सहभागी हुने तयारी रहेको बताइएको छ । उनीहरुले सार्वजनिकरुपमै कुलमानको स्वागतमा सहभागी हुन आव्हान गरेका छन् ।


## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३


### सहिद स्मारक विकास समितिको घरजग्गा लिज तथा बहालमा दिनेसम्बन्धी निर्देशिका २०८१ बमोजिम आवासीय भवन बहालमा दिने सम्बन्धमा

### प्रस्ताव पत्र पेश गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/११*

पर्यटकीय आकर्षक गन्तव्यको रुपमा विकास भइरहेको सहिद स्मारक क्षेत्रभित्र सहरी विकास तथा भवन निर्माण विभागको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भई मिति २०८१ चैत्र ५ गते यस समितिलाई हस्तान्तरण भई आएको २६२५ वर्गफिट प्लिन्थ एरिया भएको तिनतले कम्पाउण्ड सहितको सुविधा सम्पन्न आवाशीय भवन (७ वटा वाथरुम सहितका कोठा, ५ वटा कोठा, १३X२८ को मिनिहल, २८X४२ को सभाहल र ६ वटा शौचालय रहेको) बढीमा ५ वर्षका लागि वहालमा संचालन गर्न विशेष गरी शैक्षिक, स्वास्थ्य र पर्यटन क्षेत्रसंग सम्वन्धित व्यवसाय वा कार्यक्रम संचालन गर्न निजी, सरकारी तथा गैरसरकारी संघ संस्थालाई नियमानुसार वहाल (भाडा) लिने गरी वहालमा दिने समितिको मिति २०८१ पौष २ गतेको निर्णयानुसार इच्छुक निजी, सरकारी तथा गैरसरकारी संघ संस्थालाई देहायबमोजिमको शर्तको अधिनमा रही प्रस्ताव पेश गर्न यो सूचना आब्हान गरिन्छ ।

**शर्तहरू**

१. प्रस्ताव पेश गर्न इच्छुक निजी, सरकारी तथा गैरसरकारी संघ संस्थालाई कम्पनीहरुलाई चालु आ.व को लागि नवीकरण गरेको ईजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र वाकर दाखिला प्रमाणपत्रको प्रतिलिपि, सहित पेश गर्नुपर्नेछ । पेश गरिएका कागजातहरुको प्रतिलिपि सम्वन्धित व्यक्ति, फर्म वा कम्पनीबाट प्रमाणित भएको हुनुपर्ने एवं अन्य व्यवस्थाहरु प्रचलित आर्थिक कानुनअनुसार हुने व्यहोरा सुचित गरिन्छ ।
२. म्याद नाघी वा रित नपुगेको प्रस्ताव उपर कारबाही हुने छैन ।
३. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा आफुले संचालन गर्ने व्यवसायको कार्ययोजना उल्लेख गरी, वहाल (भाडा) बापतको प्रतिवर्ग फुट रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
४. प्रथम पटक सूचना प्रकाशित मितिले १५ औं दिनको १२:०० बजे सम्ममा प्रस्तावदाताले प्रस्ताव पेश गरिसक्नु पर्नेछ । प्रस्ताव स्विकृत गर्ने वा नगर्ने अन्तिम अधिकार समितिमा रहनेछ ।
५. यस सम्बन्धमा थप जानकारी लिन परेमा मो.नं. ९८४५१०५०८८, ९८४०८२८१५४ वा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

**सहिद स्मारक विकास समिति**

हेटौंडा-११, मकवानपुर

साझाकुरा

## हाम्रो कुरा

# खर्च निराशाजनक, राजश्व संकलन न्यून

पछिल्ला वर्षहरुमा सरकारको खर्च गर्ने क्षमतामा ह्रास आएको छ । सर्वसाधारण जनताका काम गर्नुभन्दा बरु चुपचाप बस्दा फाइदा हुने अवस्था कर्मचारीतन्त्रमा बढ्दै गएको छ । बागमती प्रदेश सरकारले चालु आव २०८१/८२ को साउनदेखि फागुन महिनासम्ममा कूल बजेटको करिब २५ दशमलव ६२ प्रतिशत मात्र खर्च गर्न सफल भएको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार चालु आवका लागि प्रदेश सरकारले बिनियोजन गरेको ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँमध्ये आठ महिना सकिँदा १० अर्ब ५० करोड २९ लाख नौ हजार रुपैयाँ मात्र खर्च भएको छ । चालु खर्चको तुलनामा पुँजीगततर्फको बजेट कम खर्च भएको भनाइ छ । यो अवधिमा चालुतर्फ ३५ दशमलव २२ प्रतिशत र पुँजीगततर्फ १९ दशमलव ९४ प्रतिशत बजेटखर्च भएको छ । विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधीवक्ताको कार्यालयले ४७ दशमलव ६९ प्रतिशत, प्रदेशसभा सचिवालयले ३८ दशमलव २२ प्रतिशत बजेटखर्च गरेको छ । विकासे अड्डा भनेर चिनिने कार्यालयले त झन असारे विकासमा जोड दिने गरेको छ । बिगतका दिनमा पनि वर्षात सुरु भएपछि मात्र सडकमा कालोपत्रे सुरुहुने गरेको थियो ।

पछिल्ला वर्षमा बजेट बिनियोजन गर्ने र विकास निर्माणका काममा खर्च गर्ने पद्दतिमा मेलमिलाप देखिएको छैन । सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले ९ दशमलव ७९ प्रतिशत बजेटखर्च गरेको सूचनाअधिकारीले बताएका छन् । चालु आवको दोस्रो चौमासिकसम्म चालुखर्च बढी हुने र पुँजीगतखर्च कम हुने गरेको छ । योजना कार्यान्वयनमा जान नसकेकाले खर्च कम देखिएको बताइएको छ । बागमती प्रदेशको राजस्व संकलन हरेक वर्ष घट्दै गएको छ । चालु आवको आठ महिनाअवधिमा बागमती सरकारले लक्ष्यको ३८ दशमलव १३ प्रतिशत मात्र राजस्व संकलन गर्न सकेको छ । सूचनाअधिकारीका अनुसार प्रदेश सरकारले राजस्व बाँडफाँडबाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेकामा यो अवधिमा लक्ष्यको ४७ दशमलव ०३ प्रतिशतअर्थात् १३ अर्ब ९० करोड २७ लाख ६८ हजार रुपैयाँ मात्र राजस्व संकलन गरेको छ । संघीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख अनुदान प्राप्त हुने अनुमान गरिएकामा चालु आवको आठ महिनामा लक्ष्यको ५२ दशमलव ५८ प्रतिशत अर्थात् ८ अर्ब १८ करोड ९९ लाख ६४ हजार अनुदान प्राप्त भएको छ । प्रदेश सरकारको आन्तरिकस्रोतबाट ४ अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य रहेकामा यो अवधिमा लक्ष्यको ५२ दशमलव ४१ प्रतिशत अर्थात् दुई अर्ब ३७ करोड ८५ लाख ८८ हजार रुपैयाँ राजस्व संकलन भएको सूचनाअधिकारीले जनाएका छन् । अघिल्लो आवमा प्रदेशको राजस्व ९ अर्ब तीन करोड ३१ लाख २७ रुपैयाँ कम संकलन भएको थियो ।

प्रदेश सरकारले आव २०८०/८१ मा राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त राजस्व, प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्व र संघीय सरकारबाट प्राप्त अनुदानबाट ४८ अर्ब २५ करोड ४३ लाख ७५ हजार रुपैयाँ राजस्व संकलन हुने अनुमान गरिएकामा ती सबै शीर्षकबाट ३९ अर्ब २२ करोड १२ लाख ४७ हजार रुपैयाँमात्र राजस्व संकलन भएको थियो । आव २०७९/८० मा पनि बागमती प्रदेश सरकारले अनुमान गरेको भन्दा १७ प्रतिशत कम राजस्व संकलन गरेको थियो । प्रदेश सरकारले आव २०७९/८० मा ५५ अर्ब ३१ करोड राजस्व संक्लनको अनुमान गरेकोमा ४५ अर्ब ८ करोड राजस्व संकलन गरेको थियो । संघीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आयकर, प्राकृतिक स्रोत उत्खनन दस्तुर, मालपोतलगायत राजस्व संकलनमा आएको कमी र आर्थिक मन्दीका कारण संघीय सरकारले केही कार्यक्रम कटौती गर्नुजस्ता कारणले राजस्वमा कमी आएको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत १२ गते मंगलबार २५ मार्च २०२५ । एकादशी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:४, सूर्यास्त ६:१७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद हुन सक्ने | तुला | : व्यापारबाट फाइदा हुनेछ |
| वृष | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | वृश्चिक | : मन प्रशन्न हुने देखिन्छ |
| मिथुन | : आफन्तको सहयोग मिल्नेछ | धनु | : नयाँ काम गर्न जागर आउनेछ |
| कर्कट | : यात्राको लागि राम्रो समय छ | मकर | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| सिंह | : सोचेजस्तो सहयोग मिल्नेछैन | कुम्भ | : पढाइमा सहयोग मिल्नेछ |
| कन्या | : समय पूजापाठमा बित्नेछ | मीन | : रिसाउने बानीले हानि पुग्नेछ |

# वर्तमान नेतृत्व र पूर्वराजामा अन्तर के ?



✍ बालकृष्ण मैनाली

देशमा थरीथरीका राजनीतिक नाटक पुन: मञ्चन हुन थालेका छन् । वर्तमानमा देखा परिरहेको राजनीतिक मञ्चनमा विभिन्न नामधारी नागरिक अभियन्तादेखि लिएर पूर्वराजा समर्थकहरु यो वा त्यो नाउँमा सडकमा उत्रिन थालेका छन् । बाम एकता नाममात्रको स्थानमा स्खलित हुन पुगेको छ । देशमा विरोधी दुई खेमामा रहेका दलहरुले संयुक्त सरकार बनाई देखावटी तथा नाटकीय रुपमा सुशासनको चर्चा गरेर थाकेका छैनन् । देशको राजनीति यस्तो रुपमा स्खलित हुँदै गइरहेकोमा जनजन चिन्तित र आक्रोशित बन्न पुगेका छन् । पछिल्लोपटक काठमाडौंमा देखिएको राजा समर्थक जुलुसले दलीय नेतृत्वको होस उडाएको अनुभूति हुन पुगेको छ ।

पूर्वराजाले आफ्नो राजपाठ जनताको नासो जनतालाई सुम्पिएँ भनेर दरबारबाट पत्रकार सम्मेलन गरी बाहिरिए पनि उनको अभिलाषा पुन: राजसंस्था कायम भए हुन्थ्यो भन्ने मनको अन्तरकुन्तरमा छचल्किएको छचल्किएकै छ । भर्खरै राजावादीको आन्दोलन, जसमा कांग्रेस-कम्युनिस्टबाटै लखेटिएका कांग्रेस-कम्युनिस्टका कतिपय सदस्यहरुसमेत समावेश समूहले आयोजना गरेको जुलुसमा सहभागी भई उनीहरुको अभिनन्दन ग्रहण गरेको कुराले पुन: पुष्टि भएको छ ।

बेलाबेलामा पूर्वराजा आफ्नो त्यो आवाजलाई सञ्चारमाध्यममार्फत अभिव्यक्तसमेत गर्ने गर्दछन् । गएको फाल्गुण ७ को सन्दर्भलाई लिएर पनि उनले आफ्नो मन्तव्य जारी गरेका थिए । वर्तमान सत्ताधारीहरु कहिलेकाहीं हुने पूर्वराजाको सामान्य वक्तव्यले त त्रसित हुन पुग्थे भने झन् पछिल्लो समय त जुलुसमै सहभागी भई गाडीको छत खोलेर जुलुसमा सहभागीहरुको अभिनन्दन ग्रहण गरेपछि दलीय नेतृत्वमा ठूलै स्केलको भुईँचालोले हल्लाएको अनुभूति राजनीतिक वृत्तमा देखा पर्न पुगेको छ । यससम्बन्धमा दलीय नेतृत्वले उक्त जुलुस केही होइन, सामान्य हो भनेर जनजनमा भ्रम छर्ने प्रयास गरे पनि जनजनले त्यो कुरालाई कत्ति पनि पत्याएका छैनन् ।

सर्वदलीय बैठकको आयोजना, सबै दल एकै ठाउँमा उभिनुपर्ने कुराको आह्वान र पाँचजनाभन्दा बढी भेला हुन नपाउने निषेधाज्ञा जारी हुनु दलीय नेतृत्वमा उठेको डरको पछिल्लो उदाहरण हो । वास्तवमा पूर्वराजा ज्ञानेन्द्र शाहलगायत दलीय नेतृत्वले दिने बेलाबेलाका वक्तव्यहरु र अपनाइने व्यवहार एक-आपसमा पूरै बाझिन्छन् । जनताको मनमा कसरी प्रवेश गर्नुपर्छ भन्ने चेत अझै पनि न त दलीय नेतृत्वमा पलाएको छ, न त पूर्वराजामा पलाएको छ ।

एकातिर पूर्वराजा ज्ञानेन्द्र शाह जनताको सहयोग र समर्थन पाए राष्ट्रको नेतृत्व लिन आफू तयार भएको र त्यसको लागि उपयुक्त समय पनि आइसकेको धारणा व्यक्त गर्छन् भने दलीय नेतृत्वहरु आफूहरुले जनहितमा काम गरि रहेको कुरा भनेर कहिल्यै थाक्दैनन् । एकातिर पूर्वराजा ज्ञानेन्द्रले राजसंस्था त्याग्दा को-कोसँग कस्तो-कस्तो समझदारी भएर छोडेको हो भन्ने कुरा जनजनलाई न त सुसूचित गराउँछन्, न त आफूले नेतृत्व लिएपछि कस्तो संविधान बनाएर वा संशोधन गरेर कसरी जनतालाई सम्बोधन गर्ने भन्ने कुरा ल्याउँछन् ।

उनी जनता सडकमा ओर्लेर बालुवाटार, सिहंदरबार, नारायणहिटी घेरिदिएर सिंहासनमा बसाइदिए जान्छु र नेतृत्व लिन्छु भन्छन् तर विडम्बना आफू पुन: गद्दीमा आसीन भएपछि जनताको समस्या कसरी र कुन माध्यम अपनाएर सम्बोधन गर्छन् भन्ने नीति कहिल्यै सार्वजनिक गर्दैनन् । उनको ठोस योजना केही छैन । दलहरुका आपसी लडाइँ, जनताको समस्याको बारेमा सम्बोधन गर्न दलहरुले गरेको कन्जुस्याइँ, दिनप्रतिदिन मौलाउँदै गइरहेको भ्रष्टाचार, कानुनी शासनको दयनीय अवस्थालाई भजाउने प्रयास पूर्वराजा ज्ञानेन्द्रबाट बेलाबेलामा भइरहेको छ ।

यो सत्य हो । यसको लागि प्रमुख जिम्मेवार दलीय नेतृत्व नै हुन् । देशका दलहरुले पूर्वराजाले समय-समयमा आफ्नो योग्यताअनुसार चाल्दै आएको कदमलाई त्यति बेला जनताले खासै चासो नदेखाएको कारणलाई आधार मानेर पछिल्लो पटकसम्म वर्तमानमा देखिइरहेको दलीय विसंगतिहरुलाई जनताले स्वीकार गरेको छ भन्ने ठान्नु दलहरुको ठूलो भूल ठहरिन पुगेको छ भन्ने कुरा अहिले आएर प्रमाणित भएको छ ।

पूर्वराजाको समर्थनमा देशमा विभिन्न भागमा भएको प्रदर्शन दलीय विसंगतिको नै उपज हो । प्रजातान्त्रिक अभ्यासमा वक्तव्य आउनु र मानिस सडकमा उत्रनु ठूलो कुरो होइन र समय-समयमा आइरहने यस किसिमका वक्तव्यहरु र प्रदर्शनलाई दलहरुले अन्यथा लिनुको साटो त्यसलाई सुझावको रुपमा ग्रहण गर्दै दलहरु आफू सुधेर अगाडि बढ्न सकेको भए न त त्यस किसिमका सन्देश प्रवाह भइरहन्थे, न त दलीयता विरुद्ध प्रदर्शनहको लागि आधार तयार हुन्थ्यो ।

साँच्चै भन्ने हो भने पूर्वराजा ज्ञानेन्द्र शाहको विगतको अवस्थालाई नियाल्दा त्यति बेला शेरबहादुर देउवालाई अक्षम घोषणा गरी सत्ता आफ्नो हातमा पारेको अवस्थामा जनस्तर बाट कुनै बाधाविरोध भएको थिएन । त्यति बेला नै दलहरुप्रति जनताको विश्वास घटिसकेको थियो । राजाबाट शासनसत्ता आफ्नो हातमा लिँदा दलका केही नेताबाहेक राजाको विरोधमा जनता कोही सडकमा निस्केका थिएनन् । वरिष्ठ नेताहरुले प्रहरीको लाठी खाँदा पनि हजार जना मान्छे भेला हुन गाह्रो भएको थियो । दलहरुले छोटो अवधिमै गरेका जनविरोधी कार्यहरुले गर्दा राजाले शासनसत्ता हातमा लिएको जनताले ठिक्कै ठानेका थिए ।

पूर्वराजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा परेपछि जनताको वास्तविक समस्या सम्बोधन हुन्छ भन्ने विश्वास गरेका जनता त्यति बेला छाँगाबाट खसेजस्तो भए, जुन बेला राजा ज्ञानेन्द्रले पुरानै शैलीमा शासन सञ्चालन गर्न प्रयत्न गरे । दलीय स्वार्थबाट अभिप्रेरित भई सत्ता सञ्चालन गरिरहेका दलहरुबाट वाक्क भई राजाले शासनसत्ता हातमा लिएको अवस्थामा जनस्वार्थबाट अभिप्रेरित भई दलहरुलाई पनि मिलाएर राज्य सञ्चालन गर्छन् भन्ने आशामा रहेका जनता उल्टो राजाको एकलौटी शासन गर्ने नियतबाट त्रसित हुन पुगे ।

दलका केही नेताहरुको छाडापनलाई नियन्त्रण गरी अगाडि बढ्नुपर्नेमा दलहरुलाई नै छिछि: र दूरदूर: गर्ने प्रवृत्तिको विकास गरियो । न्यायपालिकालाई बलियो बनाई कानुनी शासनको प्रत्याभूति दिनुपर्ने ठाउँमा न्यायपालिकासँग द्वन्द्व बढाउने काम भयो । भ्रष्टाचार नियन्त्रण गर्ने नाममा शाही आयोगमार्फत आफूलाई मन नपरेका र रिस उठेका व्यक्तिहरुलाई प्रतिसोध साँध्ने काम भयो । त्यो बेला राजाबाट पञ्चायतकालीन शैली नै अपनाएर दललाई पूरै निषेध गर्ने कार्यको शुरुवात गरियो । नेताहरुलाई धरपकडलगायत घरमै नजरबन्द राख्ने कार्यको थालनी भयो । यी कारणहरुले गर्दा जनताको मन पुन: दलीय नेतृत्वकै शरणमा फर्किन बाध्य भयो । क्षमता र विशेषता हासिल गरेका स्वतन्त्र व्यक्तिहरुलाई त्यस बेलाको दरबारिया प्रशासनले टेरपुच्छर नै लाएन । कथंकदाचित केही व्यक्तिलाई बोलाएर सल्लाह लिएको जस्तो गरेको देखाइए तापनि तिनीहरुबाट प्राप्त सल्लाहहरु कुनै पनि कार्यान्वयन भएनन् ।

राजाले आफ्नो शासनकालमा छिमेकीहरुसँग पनि खासै असल सम्बन्ध विकास गर्न सकेनन्, जसको कारण अन्तत: राजतन्त्र नै विस्थापित गराउने निर्णय संसद्बाट पारित हुँदा एक शब्द पनि विरोध नगरी राजतन्त्र विस्थापित भएको टुलुटुलु हेर्न जनजन बाध्य भएका थिए । जस्तोसुकै अवस्थामा पनि जनता नै शक्तिशाली हुन्छन् भन्ने कुरालाई अहिलेजस्तै गरी त्यो बेलामा पनि आत्मसात् गर्न सकेको भए राजतन्त्र विस्थापित हुने नै थिएन ।

जनता जहिले पनि उच्च स्थानमै हुन्छन् भन्ने कुरालाई शासकहरुले कहिल्यै पनि भुल्न हुँदै हुँदैन भन्ने पाठ बेलाबेलामा घोकाउने गरिए तापनि सत्तामा नपुगुन्जेल जनता सम्झने अनि सत्तामा पुगेपछि जनतालाई लात हान्ने काम शुरु गरिहाल्ने प्रथालाई कुनै पनि शासकहरुले कहिल्यै त्याग्न सकेनन् । कुनै पनि नेपालीले देशको नागरिकलाई हे जनता मलाई सहयोग र समर्थन गर, म तिम्रो समस्या सम्बोधन गर्छु भनेर निर्धक्करुपमा भन्न पाउँछ ।

प्रत्येक नेपाली नागरिकलाई यो अधिकार छ । यसर्थमा कस-कसले जनतासँग समर्थन मागे भनेर कोकोहोलो मच्चाउनुको कुनै तुक त छैन तर जस-जसले समर्थन र सहयोग मागे पनि आफ्नोतर्फबाट जनहित हुने कामको पूरा फेहरिस्त, योजना, त्यसप्रति दृढतापूर्वक लागिपर्ने प्रतिबद्धता र जनहित विपरीत यताउता लागेमा जनस्तरबाटै तुरुन्त कारबाहीको दायरामा ल्याउने योजना र प्रतिबद्धता पेस नगरिएसम्म कसैको पनि छेपारे वक्तव्य र भनाइलाई जनजनले अब पत्याउनेवाला छैनन् ।

विचारणीय कुरा के हो भने, राजाले पहिला गरेको काम-कारबाहीबाट जनता पूरा सशंकित छन् । यस्तो अवस्थामा सहयोग र समर्थन गर मात्र भनेर पुग्दै पुग्दैन । जस-जसले जनतासँग सहयोग र समर्थन माग्ने हो उसले जनताको समस्यालाई सम्बोधन गर्ने पूरा विश्वासिलो खाका ल्याउनै पर्छ । पूर्वराजा ज्ञानेन्द्र शाहले पनि जनताको सहयोग र समर्थन खोजेको हो भने जनसमक्ष पूरा आफ्नो योजनासहित जनताका समस्यालाई कसरी सम्बोधन गर्न खोजिँदै छ भन्ने कार्यदिशा र रणनीतिबारे सम्बोधन गर्नै पर्छ ।

एकताका एउटा प्रसंगमा एउटा पत्रकारसँग अन्तर्वार्ताको क्रममा राजदरबार छाड्दा कोसँग के-के सम्झौता भएको हो बताउन मिल्छ कि भनेर सोधिएको प्रश्नमा पूर्वराजाले सो कुरा आफूले बताउन इन्कार गर्दै त्यो बेलामा उपस्थित भएका मानिसहरु जिउँदै छन्, उनीहरुलाई गएर सोध्नुहोस् भनी गैरजिम्मेवारी जवाफ दिन्छन् भने जनजनले उनलाई के आधारमा समर्थन गर्ने भन्ने जनजनको प्रश्न अनुपयुक्त हुँदै होइन । वर्तमानमा पनि पुन: फेरि त्यही प्रश्न उब्जिएको छ ।

के दलहरु वा पूर्वराजा ज्ञानेन्द्र अझै जनमतको ऋण तिर्न सकारात्मक छन् ? यदि छन् भने नागरिक सरकार गठन गर्ने पहल तुरुन्त गरिनुपर्दछ । नागरिक सरकारले नागरिक आयोग बनाएर प्रत्येक आर्थिक घोटालालगायत अन्य बेथितिसँग सम्बन्धित विषयहरु छानबिन गरी, घोटालासँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने सबैलाई कार्यवाहीको दायरामा ल्याई, असुलउपर गरी राज्यकोषमा दाखिल गरेपश्चात् नागरिक सरकारले निर्वाचनसँगसँगै राजसंस्था र धर्म निरपेक्षताका बारेमा समेत जनमतसंग्रह गरी पुन: उपयुक्त पात्रलाई सत्ता हस्तान्तरण गर्नेछ ।

*(स्रोत: न्यूज अफ नेपाल)*

# एडोलेसन्स : उत्कृष्ट मिनी सिरिज ?

✍ ऋतेश

केही समयअघि दैलेखमा ११ वर्षीय बालकको हत्या भएको समाचार आएको थियो । प्रहरी अनुसन्धानपछि उक्त बालकको हत्या उसैको उमेरका साथीहरूले मिलेर गरेको भन्ने पत्ता लागेको थियो । प्रहरीका अनुसार चोरी गरेर ल्याएको सुनको गहना बिक्री गर्ने विषयमा विवाद हुँदा बालकलाई आफ्नै साथीले मारेका थिए । अमेरिकामा सन् १९९८ मा, १५ वर्षीय किशोरी करेन कर्टिसले इर्ष्या र व्यक्तिगत विवादका कारण १६ वर्षीया आफ्नी सहपाठी एड्रियन जोन्सको हत्या गरेकी थिई । जापानमा सन् २००४ मा, ११ वर्षीय छात्राले अनलाइन च्याटमा भएको विवादपछि आफ्नी सहपाठी १२ वर्षीया सतोमी मित्राईको स्कूलमा हत्या गरेकी थिई । त्यस्तै भारतमा पनि सन् २०१७ मा, गुरुग्रामको एक स्कूलमा १६ वर्षीय छात्रले दुई कक्षामा पढ्ने ७ वर्षीय प्रद्युम्न ठाकुरको हत्या गरेको थियो । यस्ता प्रकृतिका घटनाहरू खोज्ने हो भने विश्वभर थुप्रै भेटिन्छन् ।

किशोर-किशोरीहरूको बीचमा हुने यस्ता हिंसात्मक घटनाहरूले बेलाबखतमा सबैतिर गम्भीर चिन्ता उत्पन्न गराउने गरेको छ । यी घटनाहरूले किशोरावस्थामा हुने मानसिक तथा भावनात्मक परिवर्तनहरू, साथै सामाजिक र पारिवारिक वातावरणले कसरी गम्भीर परिणामहरू निम्त्याउन सक्छ भन्ने देखाउँछन् । त्यसैले, किशोर-किशोरीहरूको मानसिक स्वास्थ्य र व्यवहारमा विशेष ध्यान दिनु आवश्यक रहेको छ ।

एडोलेसन्स अर्थात् किशोरावस्था । बाल्यावस्था र युवावस्था बीचको संक्रमणकालीन समय, जुन १३-१९ वर्षको बीचमा पर्दछ । यस अवधिमा कुनै पनि व्यक्तिमा शारीरिक, मानसिक, भावनात्मक तथा सामाजिक परिवर्तनहरू तीव्र रूपमा हुन्छन् । यस समयमा कस्तो परिस्थिति र मनस्थितिमा बाँचिरहेको छ, त्यसले उक्त व्यक्तिको भविष्यलाई आकार दिने गर्छ । केही समयअघि मात्र नेटफ्लिक्समा यही मुद्दा र विषयमा आधारित भएर एउटा मिनी-सिरिज आएको छ, 'एडोलेसन्स', जसले अहिले जताततै तहल्का मच्चाइरहेको छ । जो कसैले यसैको मात्र चर्चा गरिरहेका छन् । 'एडोलेसन्स' केवल एक मनोवैज्ञानिक क्राइम-थ्रिलर मात्र नभएर किशोर अपराध, सामाजिक मूल्य र पारिवारिक सम्बन्धको जटिलतामाथि गरिएको गहिरो अध्ययन पनि हो । मार्च १३ मा नेटफ्लिक्समा प्रिमियर भएको चार एपिसोडको यस मिनी-सिरिज एक १३ वर्षीय स्कुले केटा 'जेमी'को वरिपरि घुम्छ, जो आफ्नै महिला सहपाठी 'क्याटी'को हत्याको आरोपमा पक्राउ पर्छ । सिरिजले अपनाएको अनौठो कथन शैली र 'वन-टेक' प्रविधिले दर्शकहरूलाई निकै आकर्षित गरेको छ । सकारात्मक प्रतिक्रियाका कारण यसले नेटफ्लिक्समा उल्लेखनीय सफलता पाइरहेको छ ।

पहिलो एपिसोडको कथा मुख्य पात्र जेमीको गिरफ्तारी वरिपरि केन्द्रित छ भने, दोस्रो एपिसोडमा अनुसन्धानकर्ताहरूको यात्रालाई देखाइन्छ, जसले विद्यालयमा अपराधको कारण र हत्यामा प्रयोग भएको हतियारबारे जवाफ खोज्छन् । सिरिजको तेस्रो एपिसोड जेमी र बाल मनोवैज्ञानिक बीचको सेसनमा केन्द्रित छ र चौथो एपिसोड जेमीको गिरफ्तारीपछि परिवारमा परेको भावनात्मक तनावलाई चित्रित गरिएको छ ।

जेमीले सुरुमा आफूले केही नगरेको भन्छ, तर प्रहरी अधिकारीले उसलाई क्यामेरामा कैद भएको दृश्य देखाउँछ, जसले कथालाई नयाँ र गम्भीर मोडतिर पुऱ्याउँछ । त्यसपछि प्रश्नहरू उब्जिन थाल्छन् । जवाफ खोज्न प्रहरी अधिकारीहरू अनुसन्धान गर्न थाल्छन् । जाँचको क्रममा पुलिसले जेमी र मृत क्याटीबीचका दर्जनौं सोसल मिडिया पोस्टहरू पनि जाँच गर्छन्, जसले उनीहरूको सम्बन्धलाई बुझ्न मद्दत पुऱ्याउँछ ।

एडोलेसन्सले विद्यालयमा हुने बुलिङ, सामाजिक सञ्जालको प्रभाव र 'इन्सेल' (अविवाहित, महिला-विरोधी मानसिकता राख्ने समूह) उपसंस्कृति जस्ता विषयहरूलाई पनि उजागर गरेको छ । इन्सेल 'इनभोलन्टरी सेलबेस'को संक्षिप्त रूप हो, जहाँ यस्ता पुरुषहरू हुन्छन्, जसले यौन सम्बन्ध बनाउन सक्दैनन् र त्यसको जिम्मेवार वा दोष समाजका अन्य सदस्यहरूलाई विशेषगरी महिलाहरूलाई दिन्छन् । उनीहरू आफूलाई समाजबाट अलग र अस्वीकृत भएको अनुभव गर्छन् । आफ्नो आत्मरुसम्मान घटेको महसुस गर्छन्, जसले गर्दा उनीहरूको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न जान्छ । त्यसैले उनीहरू अक्सर हिंसाको साहरा लिने गर्छन् ।

अहिले सामाजिक सञ्जालमा इमोजीको प्रयोग व्यापक हुँदै आइरहेको छ । तर, पछिल्लो समय यसको उपयोग नयाँ तरिकाले भइरहेको छ । इमोजीहरू कुनै भावनालाई व्यक्त गर्न मात्र नभई गुप्त सञ्चारका लागि पनि प्रयोग गरिन थालिएको छ । इन्सेल समुदायका सदस्यहरूले आफ्नो विचार र सन्देश फैलाउन विभिन्न संकेत वा गुप्त भाषा प्रयोग गर्छन्, जसमा इमोजी पनि एक महत्वपूर्ण माध्यम बनेको छ । इमोजीहरू सीधै आपत्तिजनक देखिँदैनन्, तर खास समुदायबीच मात्र बुझिने संकेत हुनसक्छन् । बाहिरबाट सामान्य देखिए पनि इमोजीहरू इन्सेल समुदायका सदस्यहरूले अरूलाई हेप्ने वा दुर्व्यवहार गर्ने गरी प्रयोग गर्छन् ।

'स्मार्टफोन फ्री चाइल्डहुड' समूहकी सहसंस्थापक 'डेजी ग्रीनवेल'का अनुसार, 'नेटफ्लिक्समा आएको एडोलेसन्स सिरिजले सबै अभिभावकहरूलाई गहिरो प्रभाव पारेको छ । सिरिजले उनीहरूको डरलाई सतहमा ल्याउने काम गरेको छ । हामी सबै अभिभावकहरूको ठूलो चिन्ता भनेको यही हो, हामी आफ्ना बच्चाहरूलाई स्मार्टफोन दिन्छौं, त्यसपछि उनीहरू विस्तारै हाम्रो नियन्त्रण बाहिर जान थाल्छन् ।' लेबर पार्टीका सांसद 'जोश म्याकएलिस्टर'ले प्रस्ताव गरेको 'सुरक्षित फोन विधेयक'माथि यसै महिनाको सुरुमा केही कडा नियमहरूको विरोध भएपछि यसलाई केही हदसम्म परिवर्तन गरिएको थियो । किशोरहरूको सुरक्षाका लागि सरकारले स्मार्टफोनको लत लगाउने एल्गोरिदमलाई प्रतिबन्ध लगाउन उचित कदम चाल्नुपर्ने भनी उनले भनेका थिए । त्यसै अनुरूप यूके सरकारले नयाँ कानून 'अनलाइन सुरक्षा ऐन' ल्याएको छ, जसको मुख्य उद्देश्य बालबालिका, किशोरकिशोरीलाई इन्टरनेटमा सुरक्षा प्रदान गर्नु हो । एडोलेसन्स सिरिजका निर्देशक 'फिलिप बारान्टिनी'ले 'यदि मेरो हातमा यो निर्णय गर्ने शक्ति भएको भए, म १६ वर्षभन्दा कम उमेरकाहरूलाई स्मार्टफोनको प्रयोग गर्न पूर्णरूपमा रोक लगाउने थिएँ' भनेर पनि भनेका थिए ।

उनले बनाएको सिरिजले पहिलो चार दिनमै २४.३ मिलियन भ्युज पार गर्दै लोकप्रियताको नयाँ कीर्तिमान बनाएको छ । मार्च १०-१६ को साप्ताहिक सूचीमा यो नेटफ्लिक्सको दोस्रो शीर्ष शो बन्न सफल भएको थियो, मार्च २० सम्म आउँदा यसले पहिलो स्थान हासिल गरिसकेको छ । सिरिजलाई अझ लोकप्रिय बनाउने मुख्य कारण भनेकै यसको 'वन-टेक' शैली हो, जसले दर्शकहरूको रुचि बढाएको छ । हरेक एपिसोड 'वन-टेक'मा खिचिएको छ । त्यो बाहेक सकारात्मक समीक्षाका कारण सिरिजले हरेक दिन नयाँ दर्शकहरूलाई आफूतिर आकर्षित गरिरहेको छ । सिरिज कुनै वास्तविक घटनामा आधारित छैन, तर त्यस्तै प्रकृतिका अपराधहरूबाट प्रेरित छ । सिरिजका निर्माता तथा लेखक 'स्टेफन ग्राहाम'ले 'ज्याक थोर्न' सँगै सिरिज तयार पारेका हुन् । उनले एक अन्तर्वार्तामा भनेका थिए, 'हामीलाई वान-शटमा सिरिज बनाउन अनुरोध गरिएको थियो, त्यसैले हामीले विभिन्न सम्भावनाहरूबारे सोच्न थाल्यौं । त्यसै दौरान, मैले पत्रिकामा एउटा समाचार पढें, जहाँ एक किशोर केटाले आफ्नै उमेरको केटीलाई चक्कु प्रहार गरेको घटना उल्लेख गरिएको थियो । त्यो समाचार पढेर म चिसिएँ । त्यसको झण्डै तीन-चार महिनापछि फेरि समाचारमा त्यस्तै अर्को घटना देखें, एउटा किशोर केटाले एउटी किशोरीलाई चक्कु प्रहार गरेको । मर्ने र मार्ने सबै किशोरावस्थाका थिए । आखिर अहिले यस्तो के भइरहेको छ ? किन भइरहेको छ ? पहिले यस्तो हुँदैनथ्यो । मैले यसको जवाफ खोज्न एडोलेसन्स बनाएको हुँ ।'

सिरिजका ४४ वर्षीय निर्देशक 'फिलिप बारान्टिनीले भनेका थिए- 'युकेको किशोर पुस्तामा नाइफ क्राइम (चक्कु प्रयोग गरी गरिने अपराध) निकै ठूलो समस्या बन्दै गइरहेको छ । केटाहरूले केटीहरूलाई चक्कु प्रहार गर्दै हत्या गरिरहेका घटनाहरू लगातार आइरहेका छन् । त्यसैले, हामीले यही विषयलाई गहिराइमा गएर अध्ययन गर्ने सोच बनायौं । यस कथा मार्फत समाज र देशलाई सन्देश दिनुका साथै सबैलाई नयाँ विषयमा केन्द्रित गर्नका लागि एडोलेसन्स बनायौं ।'

'अफिस फर नेशनल स्ट्याटिस्टिक्स'का अनुसार, मार्च २०२४ को अन्त्यसम्म मात्र इङ्गल्यान्डमा ५० हजार ५०० चक्कु आक्रमणका घटनाहरू भइसकेका छन्, जुन २०१२ र २०१३ को बीचमा भएका २७ हजार घटनाहरूको तुलनामा धेरै नै बढी हो । 'मिनिस्ट्री अफ जस्टिस'को डाटा अनुसार मार्च २०२३ को अन्त्यसम्म भएका १८ हजार ५०० चक्कु अपराधका अपराधीहरूमध्ये १७.३ प्रतिशत किशोर-किशोरी (१० देखि १७ वर्षका) थिए । गत वर्ष, १७ वर्षको किशोरले लिभरपुलमा नृत्य कक्षामा तीन आफ्नै उमेरका केटीहरूलाई घातक चक्कु प्रहार गरेर हत्या गरेको थियो । उसलाई जनवरीमा कम्तीमा ५२ वर्षको कारावास सजाय सुनाइएको छ । त्यसै महिनामा, ब्रिटिश प्रधानमन्त्री 'कीर स्टार्मर'ले एक्लै बस्नेहरू, समाजसँग राम्रोसँग नखुल्नेहरू, कोठामा आफूलाई बन्द गरेर अनलाइनका विभिन्न सामग्रीहरूसँग लती भएकाहरूलाई आतङ्ककारीको संज्ञा दिंदै चेतावनी पनि दिएका थिए ।

क्रमश: पृष्ठ-३....

# प्राधिकरण लापरबाहीले गुम्यो भारतबाट चौबिसै घण्टा आउने २३० मेगावाट बिजुली

काठमाडौं/भारतबाट चौबिसै घण्टा २ सय ३० मेगावाट आयात सम्झौता भए पनि अझै विद्युत् आउन थालेको छैन । चार महिनासम्म चौबिसै घण्टा उक्त परिमाण बराबर विद्युत् आदान-प्रदान सम्झौता नेपाल र भारतबीच साढे पाँच महिनाअघि भएको थियो ।




नेपालले बंगलादेशलाई ४० मेगावाट विद्युत् निर्यात गर्न सम्झौता गरेकै दिन ३ अक्टोबर २०२४ मा नेपाल विद्युत् प्राधिकरण र भारतको एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) बीच फेब्रुअरीदेखि मेसम्म २ सय ३० मेगावाट विद्युत् आयात गर्ने सम्बन्धी सम्झौता भएको थियो ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरण (सीईए) अन्तर्गतको डेजिग्नेटेड अथोरिटी र विद्युत मन्त्रालयबाट अनुमति लिएपछि मात्रै एनभीभीएनले नेपाललाई विद्युत् निर्यात गर्न पाउने सम्झौतामा उल्लेख थियो । तर, विद्युत प्राधिकरणले निरन्तर फलोअप नगर्दा ती निकायबाट अनुमति लिने काम नै नभएको र उक्त परिमाणको विद्युत् आयात हुन नसकेको हालै परराष्ट्रमन्त्री आरजु राणाको भारत भ्रमण दलमा सहभागी एक अधिकारीले बताए ।

एनभीभीएन र प्राधिकरण बीच भएको सम्झौता अनुसार २ सय ३० मेगावाटमध्ये २ सय मेगावाट ढल्केबर-मुजफ्फरपुर प्रसारणलाइन र ३० मेगावाट टनकपुरबाट आयात हुनुपर्थ्यो । अहिले आयात भइरहेको भन्दा फरक द्विपक्षीय विद्युत् व्यापार सम्झौता अन्तर्गत हुने आयातमा प्रतियुनिट ७.०५ भारु दर तोकिएको थियो ।

हाल नेपालले भारतबाट दिउँसो मात्रै विद्युत् आयात गर्न पाउँछ, अर्थात् साँझ ६ देखि बिहान ६ बजेसम्म बिजुली आउँदैन । यस्तो अवस्थामा चौबिसै घण्टा २ सय ३० मेगावाट विद्युत् आयात भएको भए औद्योगिक क्षेत्रको लोडसेडिङ पनि केही हदसम्म कम हुन्थ्यो । तर, सम्झौता गरे अनुसार बिजुली लिन तदारुकता नदेखाएका कारण यो साल त्यो परिमाणको बिजुली नआउने निश्चित जस्तै भएको छ ।

विद्युत् प्राधिकरणसँग भएको सम्झौत अनुसार एनभीभीएनले भारतको अदानी पावरसँग २ सय ३० मेगावाट विद्युत् लिएर नेपाललाई बिक्री गर्ने करार गरिसकेको थियो । सोही अनुसार उसले ६ नोभेम्बरमा एनभीभीएनले भारतको (सीईए) लाई अनुमतिका लागि विद्युत् प्राधिकरणका तर्फबाट निवेदन दिएको थियो ।

तर, प्राधिकरणले बीचमै फलोअप गर्न छाडिदिएका कारण एनभीभीएन र सीईएले पनि स्वीकृतिमा ढिलाइ गरेको परराष्ट्र स्रोतको भनाइ छ । 'परराष्ट्रमन्त्रीको भ्रमण क्रममा भएका वार्ताहरूबाट उक्त अनुमति प्राप्त गर्न प्राधिकरणले निरन्तर फलोअप नगरेको र विद्युत् लिने नलिने विषयमा अन्तिम समयसम्म कन्फर्म नगरेकाले सीईएले भारतका विद्युत् र विदेश मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार नै नगरेको पाइयो,' भ्रमण दलमा सहभागी ती सदस्यले संचारकर्मीसँग भने ।

निरन्तर फलोअप अभावमा अढाइ महिनासम्म पनि भारतका मन्त्रालयबाट स्वीकृति प्राप्त नभएपछि १ फेब्रुअरीदेखि नेपालमा विद्युत् आयात त हुने सकेन नै, एनभीभीएनले अदानी पावरसँग गरेको सम्झौता पनि रद्द हुन पुगेको ती अधिकारीले बताए । नेपालमा विद्युत् उत्पादन बढिरहेको भन्ने समाचारहरु प्रशस्त पढेको तथा विद्युत् प्राधिकरणले पनि फलोअप नगरेपछि यस पटक नेपाललाई बिजुली नचाहिने रहेछ भनेर स्वीकृतिलाई खास प्राथमिकता नदिइएको भारतीय अधिकारीहरूले बताएको परराष्ट्र स्रोतले जानकारी दियो ।

'त्यो सम्झौता अनुसार मन्त्रालयहरूको स्वीकृतिका लागि सीईएले बल्ल प्रक्रिया सुरु गरेको छ, त्यसो हुँदा यो साल २ सय ३० मेगावाट विद्युत् आयात हुने सम्भावना नै छैन,' उनले भने । तर, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ भने भारतको सीईएमा प्राधिकरणले निरन्तर फलोअप गरे पनि अनुमति प्राप्त हुन नसकेको दाबी गर्छन् ।

'सम्झौतामा नै सीईएबाट अनुमति प्राप्त भएपछि नेपालमा विद्युत् निर्यात गर्ने भन्ने विषय उल्लेख छ । सोही अनुसार एनभीभीएनले अनुमतिका लागि सीईएलाई पत्राचार गरेको जानकारी हामीलाई गराएको छ । तर, सीईएले पनि त्यहाँको ऊर्जा मन्त्रालय र विदेश मन्त्रालयबाट स्वीकृति लिनुपर्ने र त्यो प्राप्त नभएको भन्ने जानकारी दिएको छ,' प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले संचारकर्मीसँग भने । परराष्ट्रमन्त्री राणाले शुक्रबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको पत्रकार सम्मेलनमा पनि विद्युत् प्राधिकरणले फलोअप नगरेकै कारण २ सय ३० मेगावाट विद्युत् आयात प्रक्रियामा ढिलाइ भएको बताएकी थिइन् ।

'फेब्रुअरीबाट आयात हुनुपर्ने २ सय ३० मेगावाट विद्युत् ल्याउन नेपालले समयमा माग नगरेकाले हामीले अन्यत्रै बेच्न थालिसक्यौं भन्ने भारतीय कम्पनीले बतायो । प्राधिकरणले किन समयमा माग नगरेको हो थाहा भएन,' उनले भनेकी थिइन् । प्राधिकरणले त्यो २ सय ३० मेगावाट विद्युत् ल्याउने विषयमा फलोअप गरेको भए अदानीको अतिरिक्त अन्य विद्युत् उत्पादकसँग पनि एनभीभीएनले सम्झौता गर्न सक्थ्यो भन्ने बुझाइ वार्तामा सहभागी ती अधिकारीको छ ।

'विद्युत् प्राधिकरण गम्भीर देखिएको भए सीईएले मन्त्रालयहरूबाट अनुमति प्राप्त गर्ने विषयलाई प्राथमिकतामा राख्थ्यो, तर त्यसो गरेको देखिएन । अब अहिले विद्युत् लिन्छौं भने पनि उनीहरूले नयाँ कम्पनीसँग सम्झौता गरेर नेपाललाई त्यही दरमा विद्युत् दिन सम्भव हुने देखिन्न, समय पनि छैन, विद्युत् दर पनि फरक परि सकेको हुन सक्छ,' ती अधिकारीले भने । तर, कार्यकारी निर्देशक घिसिङ भने अक्टोबरमा विद्युत् आयातका लागि सम्झौता गर्नु नै बिजुली लिने प्रतिबद्धता भएको बताउँछन् ।

'सम्झौता अनुसार २ सय ३० मेगावाट विद्युत् अनिवार्य लिनैपर्थ्यो । नलिए २० प्रतिशत जरिबाना लाग्थ्यो, यो एक हिसाबले टेक अर पे भने जस्तै हो,' उनी भन्छन्, 'त्यसमाथि पनि हामीले निरन्तर फलोअप गरिहेका थियौं, अनुमति लिने काम एनभीभीएनको हो । त्यो किन आएन हामीले जान्ने कुरा भएन ।'

आफ्नो तहबाट पहल गर्दा अनुमति आउन ढिलाइ भएकोमा मन्त्रालय मार्फत कूटनीतिक पहल गर्नुपर्नेमा प्राधिकरणले त्यसो नगरेको ऊर्जा मन्त्रालयका अधिकारीहरू बताउँछन् । 'प्राधिकरणले अहिलेसम्म विद्युत् आयतका लागि कूटनीतिक पहल गरिदिनुपर्‍यो भनेर ऊर्जा मन्त्रालयलाई भनेको छैन । भनेको भए परराष्ट्र मन्त्रालय मार्फत त्यो पहल पनि हुन्थ्यो,' ऊर्जा स्रोतले भन्यो । समयमा यसबारे जानकारी पाएको भए भारतीय पक्षलाई 'नोट भर्बल' पठाएर भए पनि अनुमतिको पहल गर्नेमा सूचनाकै अभावमा त्यो अवसर गुमेको परराष्ट्र मन्त्रालय स्रोतले बतायो ।

'अहिले भारत भ्रमणमा भएका बेला ऊर्जामन्त्रीले फोन गरेर यो कुरा गरिदिनुपर्‍यो भनेपछि मात्रै परराष्ट्रमन्त्रीले यो विषयमा जानकारी पाउनुभएको हो,' उनले भने । अब त्यो २ सय ३० मेगावाट विद्युत् आयातको 'च्याप्टर' नै बन्द भएको भन्दै परराष्ट्र स्रोतले भन्यो, 'मन्त्रीज्यूले अहिले भारतीय खुला बजार आईईएक्सबाट १२ घण्टामात्र विद्युत् आयात हुने गरेकोमा त्यसलाई कम्तीमा २० घण्टा पुर्‍याइदिनुहोला भन्ने अनुरोध गर्नुभएको छ । एक साताभित्र यसबारे निर्णय गर्ने भारतीय पक्षले आश्वासन दिएको छ ।' तर, घिसिङ भने मन्त्रालयले यो समस्या समाधानका लागि पहल नगरिदिएको आरोप लगाउँछन् ।

'मैले पटक-पटक मन्त्रालयलाई यसबारे जानकारी गराएको हो । संयुक्त स्टेयरिङ कमिटी बैठकमा भारत जाँदा पनि यो विषय उठाउनुपर्ने छ भनेको थिएँ,' उनले भने । अहिले भारतबाट कसरी भइरहेछ विद्युत् आयात ?

विगतमा नेपालले भारतबाट चौबिसै घण्टा विद्युत् आयात गर्न पाउने गरी सम्झौता भएकोमा २९ मार्च २०२४ (१६ चैत २०८०) मा भारतले चुनाव आइरहेको भन्दै तीन महिनाका लागि मात्रै विद्युत् निर्यात सम्बन्धी सम्झौता नवीकरण गरेको थियो ।

दिनको समय (सन आवर) मा मात्रै विद्युत् निर्यात गर्ने गरी गरिएको सम्झौता नवीकरणको म्याद जुन महिना अन्त्यमा सकिएको थियो । त्यसपछि भारतले १९ नोभेम्बरमा यो सम्झौता नवीकरण गरेको थियो । त्यसबेला उसले सम्झौता नवीकरण गर्दा १५ मार्चसम्म दैनिक २० घण्टा नेपालमा विद्युत् निर्यात गर्न दिने तथा त्यसपछि ३० जुनसम्म सन आवरमा मात्रै विद्युत् दिने व्यवस्था गरेको थियो । त्यही अनुसार प्राधिकरणले १ डिसेम्बर (१६ मंसिर) देखि भारतबाट विद्युत् आयात गरि रहेको छ ।

नेपालले अधिकतम १ हजार ४ मेगावाटसम्म विद्युत् भारतबाट आयात गर्ने अनुमति पाएको छ । अहिले दैनिक औसत ८ सय ३० देखि ४० मेगावाट विद्युत् आयात भइरहेको प्राधिकरण स्रोत बताउँछ । त्यस अतिरिक्त नेपाल-भारत विद्युत् आदान-प्रदान सम्झौता अनुसार बिहार तथा उत्तर प्रदेशबाट पनि नेपालले विद्युत् आयात गर्छ । भारतको खुला बजारबाट विद्युत् आयात गर्दा हरेक दिन र समय अनुसार दर परिवर्तन हुने भए पनि आदान-प्रदान मार्फत आयात हुने विद्युत् दर स्थिर हुन्छ ।

दैनिक २ सय ९० मेगावाटसम्म यस्तो विद्युत् आयात गर्न सकिने भए पनि प्राधिकरणले आवश्यक परेका बेला मात्रै यस्तो बिजुली आयात गर्छ । यस्तो विद्युत् आयात नगर्दा महसुल तिर्नु पर्दैन । अहिले यस्तो विद्युत् न्यूनतम ८.१० देखि ९.४५ भारुसम्ममा आयात गर्ने गरी कार्यकारी निर्देशक घिसिङले हालै भारतीय पक्षसँग सम्झौता गरेका छन् ।

तर, प्राधिकरण सञ्चालक समिति र सरकारको अनुमति नै नलिई सम्झौता गरेको भन्दै घिसिङलाई सोहीबारे स्पष्टीकरण सोधिएको छ भने त्यो सम्झौतालाई प्राधिकरण बोर्डले पनि पारित गरेको छैन । 'यस्तो फ्लेक्जिबल विद्युत् आयात सम्झौता स्वीकृत नगर्ने तथा स्पष्टीकरण सोध्नेजस्ता कुराले पनि नेपालको औद्योगिक क्षेत्रमा लोडसेडिङ बढ्न मद्दत गरेको हो,' घिसिङ भन्छन् ।

*(स्रोतः अनलाइनखबर)*

# 'कर्मा'ले शिक्षा बाँड्दैन, मनोरञ्जन दिन्छ : सौरभ चौधरी






काठमाडौं/गत वर्ष प्रदर्शन भएको फिल्म 'अगस्त्य'बाट चर्चामा आएका निर्देशक हुन्, सौरभ चौधरी । यो फिल्मले उनलाई एक्सनमा सम्भावना बोकेको निर्देशकको रुपमा चिनायो । अब उनी निर्देशित तेस्रो फिल्म 'कर्मा' यही चैत २९ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ । उनको यो फिल्म पनि एक्सन प्रधान हो । यसमा उनले अभिनेता विपिन कार्कीलाई पहिलो पटक एक्सन भूमिकामा उतारेका छन् ।

धेरैलाई सौरभले एक्सन भूमिकामा विपिनलाई नै किन लिए भन्ने कौतुहलता पनि छ । यसबारेमा उनी भन्छन्, 'फिल्ममा एक्सन मात्र गर्नुपर्ने सिन धेरैमा २/४ वटा हुन्छ । त्योबाहेक त सिन 'क्यारी' गर्नुपर्छ । यसैले सिन 'क्यारी' गर्न सक्ने कलाकार चाहिएकाले विपिन कार्कीलाई रोजेको हुँ ।' एक्सनका लागि विपिनले निकै मेहनत गरेकाले दर्शकलाई कहीँ पनि अस्वभाविक नलाग्ने उनी बताउँछन् ।

'एक्सन सिनका लागि विपिन दाईले धेरै नै मेहनत गर्नुभएको छ । उहाँलाई 'एक्सन हिरो' देखाउने हामीले प्रयास गरेका छौं । र, त्यो चिज स्क्रिनमा पनि देखिएको छ । विपिन कार्कीले गरेको एक्सन भएन भन्ने चाहिँ छैन । उहाँले भयंकरै मेहनत गर्नुभएको छ,' उनी विपिनको तारिफ गर्दै अगाडि भन्छन्, 'मैले अहिलेसम्म काम गरेका कलाकारहरुमध्ये सबैभन्दा अनुशासित पनि उहाँलाई नै पाएँ ।'

सौरभ 'कर्मा'का हरेक सिन आफैंमा एक्सन रहेको दाबी गर्छन् । भन्छन्, 'यो फिल्ममा 'ग्राउन्ड लेभल'को मान्छेको कथा छ, जसको जीवनमा समाज र सिस्टमका कारण के-के परिवर्तन आउँछ र उसले केसम्म भोग्नुपर्छ भन्ने देखाएका छौं । फिल्मको सबै सिनहरू नै एक्सन छन् । एकछिन लभस्टोरी चल्यो अनि लगत्तै एक्सन आयो भन्ने खालको छैन । हरेक सिनहरूले एक्सन महसुस गराउँछ ।'

उनको बुझाइमा फिल्म भनेको मनोरञ्जन हो । यसैले 'कर्मा' मनोरञ्जनका लागि बनाएको उनको भनाइ छ । 'फिल्म मानिसको दोस्रो प्राथमिकता हो । पहिलो प्राथमिकता गाँस, बास र कपास हो । दोस्रो प्राथमिकतामा मनोरञ्जन पर्छ,' उनी भन्छन्, 'मैले यसबाट कुनै शिक्षा वा ज्ञान बाँड्न खोजेको छैन । फिल्म भनेको मनोरञ्जनका लागि हेर्ने हो । र, मैले 'कर्मा' पनि मनोरञ्जनकै लागि बनाएको हुँ ।'

उनका अनुसार 'कर्मा' एउटा वास्तविक घटनाबाट प्रभावित फिल्म हो । तर, त्यसमा 'सिनेम्याटिक लिबर्टी' लिइएको उनी बताउँछन् । भन्छन्, 'एकजना व्यक्तिको जीवनबाट प्रभावित भएर फिल्म बनेको हो । त्यसमा 'सिनेम्याटिक लिबर्टी' भने लिएका छौं । उहाँको जीवनका घटनाले मलाई उत्साहित बनाएको थियो ।' 'कर्मा' सस्पेन्स, ड्रामा, लभ र एक्सनको पूर्ण प्याकेज रहेको उनको दाबी छ ।

# 'डोरी'मा दोस्तीदेखि ऋणीसम्मको कथा

काठमाडौं/यही चैत १५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'डोरी'को एकसाथ १० वटा क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । फिलमका प्रमुख कलाकारहरु अरुण लामा, अञ्जना बराइली, राज पौडेल, राज थापा, प्रवीण खतिवडा, प्रकाश घिमिरे, नूतन, शिशिर बाङ्देल र कविता आलेलाई क्यारेक्टर लुक्समा प्रस्तुत गरिएको पोस्टरले फिल्मको कथावस्तुबारे पनि जानकारी गराउँछ ।




पोस्टरहरुमा इमान्दारिताको कथा, खुसीको कथा, दोस्तीको कथा, जलनको कथा, योद्धाको कथा, निराशाको कथा, डरको कथा, लोभी साहुको कथा, तस्करीको कथा, सैर्षको कथा र पीडित ऋणीको कथा लेखिएको छ । निर्देशक अरुण लामाका अनुसार यो फिल्मका उपकथाहरु हुन् । यसलाई मूल कथा र पात्रसँग जोडिएको उनले बताए ।

निर्देशक लामा स्वयंको लेखन रहेको फिल्ममा वीरेन्द्र सिंह कुशवाहा, शारदा अधिकारी, प्रेम सुब्बा, सजन श्रेष्ठ, रामबाबु रेग्मी लगायतको पनि अभिनय छ । फिल्मका निर्माता दिनेश भट्टराई हुन् भने कार्यकारी निर्मातामा राज थापा रहेका छन् । फिलमको स्क्रिप्ट डाक्टर मनोज पण्डित हुन् । फिल्मले अदृश्य शक्ति रहेको डोरी खोज्न पात्रहरुले गर्ने संघर्षको कथा भन्छ ।

फिल्ममा छायाँकार सौरभ लामा, मुख्य सहायक निर्देशक दिनेश बहादुर रावत, एक्सन निर्देशक राजु तामाङ, सङ्गीत निर्देशक राजनराज सिवाकोटी, कला निर्देशक रोशन दिवाना, नृत्य निर्देशक कविराज गहतराज, सम्पादक मिलन श्रेष्ठ तथा रङ्ग संयोजक रेनिश फागो छन् । केही दिनअघि फिल्मको ट्रेलर सार्वजनिक गरिएको थियो । जसमा कमेडी तथा थ्रिल दृश्यहरू समावेश छन् ।

# एडोलेसन्स : उत्कृष्ट...

लेखक 'स्टेफन ग्राहाम'ले निर्देशक 'फिलिप बारान्टिनी'सँग यस सिरिजको कन्सेप्ट कारमा कतै जाँदै गरेको बेलामा सुनाएका थिए । उनीहरू पहिल्यैदेखि सँगै सहकार्य गर्दै आइरहेका छन् । सन् २०२१ को फिल्म 'बोइलिङ पोइन्ट'लाई उनीहरूले सहकार्य गरेको एक अद्भुत फिल्म मान्न सकिन्छ । बारान्टिनीले बोइलिङ पोइन्टलाई पनि वान सटमा खिचेका छन् । फिल्मले हस्पिटालिटी क्षेत्रभित्रको वास्तविक संघर्ष र मान्छेहरूको मानसिकतालाई गहिरोसँग अध्ययन गरेको छ । वान सट अथवा सिंगल-टेक 'फिलिप बारान्टिनी'को सिग्नेचर स्टाइल भइसकेको छ ।

आखिर वान सट नै किन ? दर्शकहरूलाई घटनाहरूको प्रत्यक्ष रूपमा महसुस गराउन, टेन्सन पैदा गर्न विशेषगरी थ्रिलर र मनोवैज्ञानिक कथाहरूमा, घटनाहरूलाई प्रभावशाली र भावनात्मक रूपमा प्रभावकारी बनाउन, चरित्रको मनोविज्ञानलाई गहिरोसँग देखाउन, समयको वास्तविक रूप देखाउन मेकरहरूले वान सट अथवा सिंगल-टेकमा फिल्महरू खिच्ने गर्छन् । यसरी वान सटमा खिचिएका फिल्महरू थुप्रै छन् । सिरिजलाई यसरी बनाएको भने मलाई याद छैन । तर, 'ट्रू डिटेक्टिभ' र 'द हन्टिङ अफ हिल हाउस'का केही एपिसोडका दृश्यहरूलाई भने लङ सटमा खिचेको भनेको थाहा छ ।

निर्देशक बारान्टिनीले एक अन्तर्वार्तामा भनेका थिए- 'म दर्शकहरूलाई एक यथार्थपरक यात्रामा लैजान चाहन्थें, जसले वास्तविक समयमा पात्रहरू जस्तै अनुभव गरोस् । सिंगल-टेकले यस्तो वायुमण्डलको सिर्जना गर्छ, जसले दर्शकहरूलाई त्यो अवस्थामा पुर्‍याइदिन्छ, जहाँ उनीहरूले चाहेर पनि आफ्ना नजर र ध्यान हटाउन सक्दैनन् ।

पात्रहरू जस्तै उनीहरू पनि कथामा बाँधिन विवश हुन्छन् । यो तरिका सबै विधाका कथाहरूमा फिट हुँदैनन्, तर यो सिरिजका लागि हामी दर्शकहरूलाई एक घण्टाका लागि कथाभित्र कैद गर्न चाहन्थ्यौं । अनि फेरि बाहिर निकाल्न चाहन्थ्यौं । अर्को एपिसोडमा, कथा केही दिन वा महिनापछि सुरु हुन्छ, तर दर्शक आफैंले उनीहरू कहाँ छन् भनेर बुझ्नुपर्छ । यो नै हाम्रो उद्देश्य हो ।'

वान सटमा खिच्न कसरी सम्भव भएको थियो भन्ने प्रश्नमा लेखक तथा कलाकार 'स्टेफन ग्राहाम'ले भनेका थिए, 'हामी हरेक एपिसोड खिच्न एक हप्ता अभ्यासमा बिताउँथ्यौं । हामी यति अभ्यास गर्थ्यौं, पछि गएर ती काल्पनिक घटनाहरू पनि हाम्रो 'मसल मेमोरी'को रूममा विकसित भइसकेका थिए ।' मसल मेमोरी शरीरको मांसपेशीहरूको तीव्र रूपमा अथवा निरन्तर दोहोर्‍याइएको अभ्यासबाट स्वचालित रूपमा कुनै क्रिया गर्न सक्ने क्षमतालाई बुझाउँछ ।

सिरिजको हरेक मिनेटले वास्तविक र मानसिक रूपमा अनुभूत गरिने हिंसाको मानसिक-भावनात्मक गहिराइलाई खोतल्ने काम गरेको छ । सामान्यतया ग्याङस्टर वा हास्य भूमिकामा देखिने स्टेफन ग्राहामले यस सिरिजमा जेमीको बुबाको भूमिकामा आफ्नो सम्पूर्ण अभिनय क्षमता पोखेका छन् । जेमीको भूमिकामा १४ वर्षीय ओवेन कूपरले अभिनय उत्कृष्ट छ ।

एडोलेसन्स संवेदनशील तथा मनोवैज्ञानिक रूपमा एकदमै प्रभावशाली मिनी-सिरिज बनेको छ, जसले किशोरावस्थाको जटिलता, सामाजिक दबाब र आधुनिक प्रविधिको प्रभावलाई सहजताका साथ सतहमा ल्याएको छ । सिरिजले विशेष रूपमा किशोरहरूको मानसिक स्वास्थ्य, पारिवारिक सम्बन्ध तथा समाजमा उनीहरूले खेप्नुपर्ने चुनौतीलाई नजिकबाट चित्रण गर्ने कोसिस गरेको छ ।

तर, यो भनिरहँदा एडोलेसन्सको कथा संरचनामा केही कमजोरी पनि देखिन्छ, कम्तीमा मलाई लाग्यो । प्रायः महिला हिंसाका घटनाहरूमा अपराधीहरू नै चर्चामा आउँछन्, तर पीडितहरूको आवाज हराएर जान्छ । सिरिजमा हत्या भएको किशोरी पात्र फगत एउटा टुल मात्र बन्न पुगेको छ । उसलाई अथवा उसको पारिवारिक स्थितिलाई नियाल्ने कुनै झ्याल छैन ।

*(साभारः अनलाइनखबर)*

# आत्तिए लगानीकर्ता, सेयर बजारले कहाँबाट पाउला 'सपोर्ट' ?

काठमाडौं/आइतबार सेयर बजारले केही फरक र डर लाग्दो संकेत देखायो । कारोबार खुलेदेखि बजार एकोहोरो घटिरह्यो । पहिले पहिले बजार अन्तिम केही मिनेटमा उचालिने गर्दथ्यो, आइतबार त्यो पनि देखिएन । खरिदकर्ताले चाहेकै मूल्यमा बिक्रेताले सेयर बेच्दै गए, जसले गर्दा कारोबार रकम अघिल्लो दिनभन्दा बढ्यो । अघिल्लो दिन ४ अर्ब ५६ करोडको कारोबार भएकोमा आज ६ अर्ब ३२ करोड पुग्यो ।

घट्दो बजारमा कारोबार रकम बढ्नुले दुई वटा संकेत गर्छ । एउटा हो : ठूलो परिमाणमा बेच्न चाहनेले खरिदकर्ताकै आदेश मूल्यमा दिँदै गइरहेका छन् । यसले बजारमा ठूलो मात्रामा सेयर बिक्री भएको संकेत गर्छ । त्यस्तै अर्को संकेत हो : बजार लगातार घटेर न्यूनतम विन्दुमा आएपछि खरिदकर्ताको सक्रियता बढ्नु । दोस्रो संकेतले बजारको प्रवृत्ति जुनसुकै बेला उल्टिन सक्ने संकेत दिन्छ । यतिबेला भने दुवै संकेतको मिश्रित प्रतिक्रिया रहेको ब्रोकर सञ्चालकहरू बताउँछन् ।

पछिल्लो समय बजार लगातार घट्नुमा चैत १५ गते हुने राजतन्त्रको पक्ष, विपक्षमा हुन गइरहेको आन्दोलन रहेको स्टक ब्रोकर एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष भरत रानाभाटले बताए । 'भोलिका दिनमा हुने आन्दोलन स्वरुपले बेग्लै रुप लिन सक्छ भन्ने आँकलनले कतिपय सेयर बेच्न हतारिए, अर्कोतर्फ किन्न चाहनेले पनि घटिरहेको बजार र आगामी आन्दोलनका कारण पर्खिरहे' उनले भने 'यहीं कारण आइतबार बिक्री गर्ने अलि बढी सक्रिय देखिए ।'

तर बजार जसरी घट्यो, बढ्दा पनि त्यस्तै प्रवृत्ति देखाउन सक्ने भएकाले आइतबारदेखि केही मात्रामा खरिद हुन थालेको जानकार बताउँछन् । चैत १५ गते राजावादी निकटका समूहले राजसंस्था पुनर्स्थापनाको माग गर्दै प्रदर्शन गर्दैछन् । त्यसविरुद्ध सोही दिन प्रचण्ड नेतृत्वको माओवादी, एकीकृत समाजवादी, विप्लव नेतृत्वको नेकपासहितको समाजवादी मोर्चाले पनि संयूक्त प्रदर्शन गर्दैछ । प्रदर्शनले मुठभेडको संकेत लिन सक्ने डर लगानीकर्तामा पनि छ ।

त्यस्तै आइतबारदेखि बजारमा अन्तिम १५ मिनेटको भारित औसत मूल्य लागू भएको रानाभाटले बताए । बिहीबारदेखि लागू हुने भनिए पनि आइतबारबाट मात्रै यो व्यवस्था लागू भएको छ । यसले गर्दा अन्तिम समयमा लोक्याप कम्पनी बढाउने चलखेल हटेको छ । 'लोक्याप कम्पनीको मूल्य अन्तिममा बढ्दा त्यसले समग्र बजारलाई अन्तिम समयमा केही न केही 'बाउन्स' दिएकै थियो, तर त्यो क्रम पनि सकिएपछि ठूला खेलाडी आइतबार लोक्याप कम्पनी उचाल्नतिर लागेनन्' उनले भने 'जसले गर्दा अन्तिममा बजार केही मात्रामा उचालिने क्रम पनि रोकियो ।'

# सलमानको 'सिकन्दर' ट्रेलरमा के छ ?

काठमाडौं/इदको छेको पारेर आगामी आइतबार (३० मार्च) बाट प्रदर्शनको तयारीमा रहेको बलिउड सुपरस्टार सलमान खान अभिनीत फिल्म 'सिकन्दर'को ट्रेलर सार्वजनिक गरिएको छ । एक्सन, लभ, रोमान्स, थ्रिल र कमेडीको मिश्रण रहेको साढे तीन मिनेट लामो ट्रेलरमा सलमानलाई गरिबको मसिहाको रुपमा प्रस्तुत गरिएको छ । उनलाई महाराष्ट्र प्रहरीले 'वान्डेड' सूचीमा राखेको पनि देख्न सकिन्छ ।

ट्रेलरको अन्त्यतिर जब अभिनेत्री रश्मिका मन्दाना सलमानप्रति प्रेमभाव दर्शाउँदै 'शायद फिर इस जनम में मुलाकात हो न हो' गीत गाउँछिन्, त्यसपछि ट्रेलरमा 'इन्टेन्सिटी' बढेको छ । यसबाट के अनुमान लगाउन सकिन्छ भने सलमानको पात्र (सञ्जय राजकोट) आफ्नो लेडी लभमाथि भएको कुनै नराम्रो घटनापछि बदला लिन उत्रिएको छ । ट्रेलरको अन्तिम एक्सन सिक्वेन्स सशक्त देखिन्छ ।

'सिकन्दर'मा सलमानको जोडी रश्मिकासँग बाँधिएको छ भने मुख्य भिलेनमा 'बाहुबली'का 'कटप्पा' अर्थात् सत्यराज छन् । प्रतीक बब्बर, काजल अग्रवाल, अन्जिनी धवन र शरमन जोशीको पनि मुख्य भूमिका रहेको फिल्मलाई 'गजनी' निर्देशक एआर मुरुदासले निर्देशन गरेका हुन् । यसमा 'किक'का



निर्देशक समेत रहेका साजिद नाडियाडवालाको लगानी छ भने प्रितमको संगीत रहेको छ ।

'सिकन्दर'ले प्रदर्शन अगावै लगभग ८० प्रतिशत लगानी सुरक्षित गरिसकेको छ । प्रचारसहित २ सय करोडमा बनेको फिल्मको ओटीटी, स्याटेलाइट र म्यूजिक राइट्सबाट १६५ करोड उठाइसकेको भारतीय मिडियाले उल्लेख गरेका छन् । फिल्मले बक्स अफिसमा पनि आक्रामक व्यापार गर्ने प्रक्षेपण गरिएको छ । ओपनिङ ४० करोडमाथि हुनसक्ने ट्रेड एनालिस्टहरूको अनुमान छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नियमनका नाममा अभिव्यक्ति स्वतन्त्रता हनन् गर्न पाइदैनः सचिव खरेल

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारीप्रसाद खरेलले कुनैपनि बहानामा नागरिकको अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाउन नपाइने बताएका छन् ।

राष्ट्रिय मानवअधिकार आयोगको आयोजना र फ्रिडम फोरमको संयोजनमा हेटौंडामा आइतबार भएको अभिव्यक्ति स्वतन्त्रता र पत्रकार सुरक्षासम्बन्धी प्रादेशिक संयन्त्र अभिमुखीकरण कार्यक्रममा उनले यस्तो बताएका हुन् ।



खरेलले अभिव्यक्ति स्वतन्त्रता सुरक्षा संयन्त्र कार्यविधि निर्देशिका २०७५ ले सुरक्षा संयन्त्रको गठन, निर्देशक समिति, द्रूत उद्दार टोली, प्रदेश र जिल्लास्तरमा संयन्त्र र सञ्जाल गठन गर्ने व्यवस्था गरेको भन्दै नियमनका नाममा नागरिकलाई अभिव्यक्ति स्वतन्त्राबाट वञ्चित गर्न नपाइने बताए ।

कसैको असक्षमता र नबुझेका कारण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता ठीक होइन र छैन भन्नु उचित होइन भन्दै उनले पत्रकारिता अभिव्यक्ति स्वतन्त्रताको माध्यम भएको जिकिर गरे । आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीले पछिल्लो समयमा पत्रकारमाथि हुने भौतिक आक्रमणका घटना कम भएपछि सुरक्षा चुनौतीका स्वरुप परिवर्तन भएको बताए । उनले अभिव्यक्ति स्वतन्त्रता मानवअधिकारको केन्द्रविन्दु भएको भन्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति दिने दायित्व सरकारको भएको उल्लेख गरे ।

फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालले नियन्त्रण र नियमनको नाममा अभिव्यक्ति स्वतन्त्रमाथि चुनौती बढेको बताउँदै सबैको साझा प्रयासमा नागरिकको अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गर्न सकिने बताए । कार्यक्रममा मानवअधिकार आयोग बागमती प्रदेश कार्यालयका कार्यालयप्रमुख पवनकुमार भट्टले प्रदेशस्तरीय अभिव्यक्ति स्वतन्त्रता संरक्षण संयन्त्रको गतिविधि र संयन्त्रका समस्याका बारेमा र फ्रिडम फोरमको अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी अनुगमनकर्ता नानीमैया खड्काले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्था र घटनाको बारेमा जानकारी गराइन् ।

कार्यक्रममा सञ्चारकर्मी कृष्ण सारु, कुमार अधिकारी, सुरेश श्रेष्ठ, वसन्त पराजुली, माधव न्यौपाने, राजन सिंह, अधिकारकर्मी कुमारी वाइबा, कमलकुमार विश्वकर्मा, शर्मिला श्रेष्ठ, बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवती सापकोटा, बागमती प्रदेशका मुख्यमन्त्री कार्यालयका उपसचिव विनोद अमात्य लगायतले अभिव्यक्ति स्वतन्त्रता सुरक्षा संयन्त्रको भूमिकालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए । बागमती प्रदेश र मधेश प्रदेशको प्रादेशिक संयन्त्रका संयोजक एवम् सदस्यहरु, सञ्चारकर्मी, अधिकारकर्मी लगायतको सहभागिता रहेको थियो ।

## रेवती र सुरेन्द्रको जोडी ब्याडमिन्टनमा उपाधि जित्न सफल

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/दोस्रो संस्करणको जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिताको उपाधि खुलातर्फ रेवती कार्की र सुरेन्द्र श्रेष्ठको जोडीले जितेको छ ।

दीपक बुढाथोकी र रामप्रकाश प्रधानको जोडी भेट्रान्सतर्फको उपाधि जित्न सफल भएको छ । आइतबार हेटौंडा-११, थानाभन्ज्याङस्थित बहुउद्देश्यीय कभर्ड हलमा भएको फाइनल खेलमा खुलातर्फ रेवती कार्की र सुरेन्द्र श्रेष्ठको जोडीले नरेन्द्र मोक्तान र बीरु गुरुङको जोडीलाई पराजित गर्दै उपाधि जितेको हो ।

यस्तै भेट्रान्सतर्फ देव घिमिरे र विनोद राईको जोडीलाई दीपक बुढाथोकी र रामप्रकाश प्रधानको जोडीले २-० को सोझो सेटले हराउँदै उपाधी जितेको हो ।

खुलातर्फको उपाधि विजेता जोडीले ३५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने भेट्रान्सतर्फको उपाधि विजेता जोडीले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । खुलातर्फको उपविजेता टिमले २० हजार रुपैयाँ र भेट्रान्सतर्फको उपविजेता टिमले १० हजार रुपैयाँ प्राप्त गरेको छ । तृतीय हुने खुलाको टिमले २ हजार ५ सय रुपैयाँ तथा भेट्रान्सले १ हजार ५ सय रुपैयाँ नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र गरेका छन् ।

खुलातर्फ सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै अजय बजगाईं र भेट्रान्सतर्फको सर्वोकृष्ट खेलाडी घोषित हुँदै मान बहादुर लामाले समान एक/एक हजार रुपैयाँ नगद पुरस्कार र ट्रफी प्राप्त गरेका छन् । मकवानपुर जिल्ला ब्याडमिन्टन संघका उपाध्यक्ष देव घिमिरेको सभाध्यक्ष तथा हेटौंडा उपमहानगर पालिका-१४ का वडाध्यक्ष दीपक खड्काको प्रमुख आतिथ्यमा पुरस्कार वितरण भएको हो ।

हेटौंडा उपमहानगर पालिकाको मुख्य प्रायोजन तथा नगर खेलकुद विकास समितिको समन्वयमा शुक्रबारबाट सुरु भएर आइतबार सम्पन्न भएको प्रतियोगितामा ६० वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा खुलातर्फ ४१ टिम र भेट्रान्सतर्फ १९ टिमको सहभागिता रहेको थियो ।

## अव्यवस्थित खानीका कारण मकवानपुरका ११८ चेपाङका घर प्रभावित

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/चेपाङ समुदायको मानवअधिकार व्यवस्थासम्बन्धी परामर्श कार्यक्रम आइतबार हेटौंडामा भएको छ । राष्ट्रिय मानवअधिकार आयोगको आयोजना तथा राष्ट्रिय जनवकालत मञ्चको सहकार्यमा भएको कार्यक्रममा चेपाङ समुदायको अवस्था र चेपाङको मानवअधिकार अध्ययन प्रतिवेदन २०८१ मस्यौदाको विषयमा मानवअधिकारकर्मी किरण बरामुले प्रस्तुतिकरण दिएका थिए । चेपाङ समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक अवस्थामा केन्द्रित प्रतिवेदनअनुसार, अव्यवस्थित विकास र क्रसर उद्योगले चेपाङ समुदायमा असर परिरहेको जनाइएको छ ।

मकवानपुरका मात्रै १ सय १८ चेपाङ घरपरिवार अव्यवस्थित खानीका कारण प्रभावित बनेको प्रतिवेदनमा उल्लेख छ । चेपाङ समुदाय आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को अनुसूची अनुसार अति सीमान्तकृत आदिवासी जनजाति समूहमा सूचिकृत भएका छन् । नेपालमा २०७८ को जनगणना अनुसार चेपाङको जनसंख्या ८४ हजार ३ सय ६४ रहेको उनले जानकारी दिएका छन् । जसमा ५८ हजार ३ सय ९२ जनाले चेपाङ मातृभाषा बोल्ने अवस्था रहेको छ ।

बरामुले चेपाङ समुदायमा बालविवाह मुख्य समस्याको रुपमा रहेकाले बालबालिकाको जन्मदर्ता गर्न कठिनाई भएको बताए । राष्ट्रिय मानवअधिकार आयोगको अध्ययनले ९१ प्रतिशत चेपाङले नागरिकता प्राप्त गरेको र ९ प्रतिशत नागरिकताबाट बन्चित रहेको प्रस्तुतिकरणमा उल्लेख गरिएको थियो । चेपाङ समुदायको बसोबास कमजोर रहेका कारण बलात्कार, विपद, वन्यजन्तु आक्रमण जस्ता घटनाको सामना गरिरहेको बताइएको छ । १ सय १२ चेपाङ समुदायका नागरिक गैंडाको खाग, लागूऔषध जस्ता कसुरमा कारागारमा रहेको प्रस्तुतिकरणमा उल्लेख गरिएको छ । चेपाङ समुदायका ९० प्रतिशत विद्यार्थी विद्यालय भर्ना भएका छन् भने १० प्रतिशत शिक्षाबाट बञ्चित रहेको मानवअधिकारकर्मी बरामुले जानकारी दिए । यसैगरी कार्यक्रममा सहभागी चेपाङहरुले शिक्षा, रोजगारीमा पहुँच र चेपाङ मातृभाषालाई पाठ्यक्रमको रुपमा विकास गर्न माग राखेका थिए । कार्यक्रम बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा एवम् आयोगका सचिव मुरारीप्रसाद खरेलको सभाअध्यक्षतामा भएको थियो ।

## आठ महिनामा ३ लाख टन रासायनिक मल बिक्री

काठमाडौं, १० चैत/सरकारले चालु आर्थिक वर्ष २०८१/८२ आठ महिना सकिँदा करिब ३ लाख टन रासायनिक मल बिक्री गरेको छ । कृषि सामग्री लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनले गरी चालु आव फागुन मसान्तसम्ममा २ लाख ९० हजार २ सय ९ टन मल बिक्री गरेको हो ।

गत आवको मौज्दात सहित कृषि सामग्री केन्द्रले युरिया, डएपी र पोटास गरी २ लाख ३२ हजार २ सय ६४ टन मल बिक्री गरेको हो । यस्तै साल्ट ट्रेडिङले युरिया, डीएपी र पोटास गरी ५७ हजार ९ सय ४५ टन मल बिक्री गरेको हो । दुवै कम्पनी गरी युरिया १ लाख ८२ हजार ८ सय ९० टन, डीएपी ९६ हजार ६ सय ८१ टन र पोटास १० हजार ६ सय ३७ टन मल बिक्री भएको हो ।

यो वर्ष सरकारले ५ लाख ५० हजार टन रासायनिक मल भित्र्याउने लक्ष्य राखेकोमा हालसम्म २ लाख ६७ हजार ९ सय ७८ टन मल आयात भइसकेको छ । 'हामीले ल्याउनुपर्ने सबै मलको टेन्डर गरिसकेका छौं । यो आइसकेको मलको मात्रै विवरण हो । प्रक्रियागत ढंगले मल ल्याउन समय लाग्ने भएर आउन ढिला भएको मात्रै हो । साढे ५ लाख टन मल नै टेन्डर भइसकेको छ,' कृषि मन्त्रालयका एक उच्च अधिकारीले भने ।

सरकारले रासायनिक मलका लागि यो वर्ष २७ अर्ब ९५ करोड बजेट छुट्याएको छ । कृषि सामग्री केन्द्रले हालसम्म युरिया, डीएपी र पोटास गरी २ लाख ३८ हजार ६ सय ४८ टन मल आयात गरेको छ । साल्ट ट्रेडिङले युरिया र पोटास गरी २९ हजार ३ सय ३० टन मल आयात गरेको छ ।

साल्ट ट्रेडिङले डीएपी मल भने आयात गरेको छैन । दुवै कम्पनी गरी युरिया १ लाख ६६ हजार ८ सय ३४ टन, डीएपी ८७ हजार ७ सय ३३ टन र पोटास १३ हजार ४ सय १० टन मल आयात भएको हो ।

## विमा पोलिसी हराएको सूचना

मेरो निम्न व्यहोराको जीवन विमालेख (पोलिसी) मिति २०८१ फागुन २५ गते हेटौंडाको संगम चोकबाट सीमाचोकसम्म जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**विमा कम्पनीको नामः** लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
**विमालेख (पोलिसी) नम्बरः** १००१०९०९७
**विमितको नामः** विमल दाहाल
**विमितको ठेगानाः** बिजुलीकोट-५, रामेछाप
**सम्पर्क फोनः** ९८४१६०१७९१

नेपाल सरकार
गृह मन्त्रालय
**बागमती प्रदेश प्रहरी कार्यालय**
हेटौंडा, मकवानपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !

*प्रकाशित मितिः- २०८१/१२/११ गते । (24th Mar. 2025)*

यस कार्यालयबाट मिति २०८१।१०।२५ गतेको साझाकुरा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन हुँदा तपसिल बमोजिमको निर्माण कार्यको लागि देहायमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद (पहिलो संशोधन) ऐन २०६३ को दफा २७ (०१) अनुसारको कारबाही एवं दफा २७ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| S.N. | IFB No. | Description of Works | Bidder's Name | Bid Price Rs. (With VAT and Provisional Sum) |
|---|---|---|---|---|
| 1 | NCB/BPPO/01/2081/082 | Renovation Work of Existing Office Building for Senior Officer Quarter at Bagmati Province Police Office, Hetauda, Makwanpur. | QUICK CONSTRUCTION, Hetauda-04, Hupra chaur. | 18,73,528.59 |

## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुट्ने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहानः ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशनः कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.**
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur
फोन नंः ०५७-४०००0५, ०५७-४०००0६, ०५७-५२३९४६

## धितो सुरक्षणमा रहेको सम्पतिहरु लिलाम बिक्रीसम्बन्धी १५ दिने सूचना

*सूचना प्रकाशित मितिः २०८१/१२/११*

यस सहकारीबाट ऋण/कर्जा लिनुहुने तपशिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्य दस्तुर संस्थासँगको शर्त कबुलियतबमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउन लिखित एवं मौखिक तर ताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिकामार्फत ऋण/कर्जा चुक्ता गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षण स्वरुप रहेको तपशिलमा उल्लेखित चलअचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको प्रधान कार्यालय थाहानगर पालिका वार्ड नं. ४ मकवानपुरमा आई पुग्ने गरि गोप्य सिलबन्धि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयभित्र संस्था समक्ष प्राप्त बोलपत्रहरु मिति २०८१।१२।२५ गते, दिनको ठिक ४:०० बजे संस्थाको प्रधानकार्यालय थाहानगरपालिका वार्ड नं. ४ मकवानपुरमा खोलिनेछ । उक्तदिन समयमा उपस्थित हुनु हुने बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत संस्थाको नाममा जग्गा रोक्का गरिदिनु हुने धितो धनी तथा ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौ । बोलपत्र फारम संस्थाको प्रधान कार्यालयबाट रु ५०० (फिर्ता नहुनेगरी) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथ लिलाम सकार्न कवुल गरेको कुल अंकको १० प्रतिशत धरौटीबापत जम्मा गर्नुपर्ने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थानाबजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** राजन बल<br>बाबुको नाम : पंचबहादुर बल<br>बाजेको नाम : कृष्ण बहादुर बल<br>ना.प्र.प.नं. ३१-०१-७२-०१९९६<br>जारी मितिः २०७२/०३/१५<br>ठेगाना : नामटार-३ मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नामः** धनराज बल<br>बाबुको नामः कृष्ण बहादुर बल<br>बाजेको नाम :श्रीलाल बल<br>ना.प्र.नं.६१/४०२२५<br>जारी मिति : २०६३/०८/१०<br>ठेगाना : नामटार-३ मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नामः** कान्छा बल तामाङ<br>बाबुको नाम : श्रीलाल बल तमाङ<br>बाजेको नाम : बहादुर सिं<br>ना.प्र.नं. २८६२/३७०६<br>जारी मिति : २०३८/१२/०२<br>ठेगाना : नामटार ३ मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नामः** रामराज बल<br>बाबुको नाम : पंचबहादुर बल<br>बाजेको नाम : कृष्ण बहादुर बल<br>ना.प्र.नं. ३११०४३/४६३४४<br>जारी मिति : २०६४/०८/१८<br>ठेगाना : नामटार-३ मकवानपुर |     | कान्छा बल लामाको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ताकायम रहेको मकवानपुर जिल्ला नामटार गा.बि.स. वार्ड नं ३ स्थित कि.नं. ६७०/६६७/६६८ को क्षेत्रफल ०-१४-०-०/२-४-०-३/१-१-०-० रको जग्गा । |
| २ | **नामः** धनराज बल<br>बाबुको नामः कृष्ण बहादुर बल<br>बाजेको नाम : श्रीलाल बल<br>ना.प्र.नं.६१/४०२२५<br>जारी मिति : २०६३/०८/१०<br>ठेगाना : नामटार-३ मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>नामः कृष्ण बहादुर बल<br>बाबुको नाम : श्रीलाल बल<br>बाजेको नाम : बहादुर सिं बल<br>ना.प्र.नं. २८८४<br>जारी मिति : २०४३/११/०६<br>ठेगाना : नामटार-३ मकवानपुर |   | कृष्ण बहादुर बलको नाममा मालपोत कार्यालय हेटौंडा मकवानपुरमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला नामटार गा.वि.स वाड नं ३ स्थित कि.नं.६१५ को क्षेत्रफल २-०-०-१ को जग्गा । |
| ३ | **नाम :** ज्योती ज्ञान अमात्य<br>बाबुको नाम : कृष्णमान अमात्य<br>बाजेको नामः नर बहादुर अमात्य<br>ना.प्र.नं.: ६१/४०७२६<br>जारी मिति : २०६३/०८/२१<br>ठेगाना : पालुङ १ मकवानपुर |  | यातायात व्यवस्था कार्यालय नारायणी मादर्ता कायम रहेको ना ६ त ६१७ नम्बरको इन्जिन नं.PY3029D407677, च्याचिस नं1PY5310EHGA015102 को ट्याक्टर । |
| ४ | **नाम :** हरिकृष्ण ढुँगेल<br>बाबुको नाम : ज्ञान बहादुर ढुँगेल<br>बाजेको नाम : पदमबहादुर ढुँगेल<br>ना.प्र.प.नं. ८७४<br>जारी मितिः २०३६/११/१०<br>ठेगाना : मनहरी-३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** गँगादेवी ढुँगेल<br>पतिको नामः हरिकष्ण ढुँगेल<br>बाबुको नामःचन्द्र बहादुर वली<br>ना.प्र.प.नं. ३४७२०<br>जारी मितिः २०५९/१२/१८<br>ठेगानाः मनहरी ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नामः सन्देश डि.सि. ढुँगेल<br>बाबुको नामः हरिकृष्ण ढुँगेल<br>बाजेको नामः ज्ञान बहादुर ढुँगेल<br>ना.प्र.प.नंः १९/१४७९८<br>जारी मितिः<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नामःप्रतिक्षा डि.सि.<br>बाबुको नामः हरिकृष्ण ढुँगेल<br>बाजेको नामः ज्ञान बहादुर ढुँगेल<br>ना.प्र.प.नंः ३६/२५९०<br>जारी मितिः २०६२/०५/०७ |     | गँगादेवी ढुँगेलको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हटिया गा.वि.स वार्ड नं ३ स्थित कि.नं. १७७८ को क्षेत्रफल ०-९-१७.५-०को जग्गा । |
| ५ | **नाम :** अरुण कार्की<br>बाबुको नाम : सितारमा कार्की<br>बाजेको नाम : सँजिता कार्की<br>ना.प्र.प.नं. ४०/३२९<br>जारी मितिः २०५२/१०/२१<br>ठेगानाः दामन-२, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सँगीता कार्की<br>बाबुको नाम :ईन्द्र बहादुर अधिकारी<br>पतिको नाम : अरुण कार्की<br>ना.प्र.प.नं. : ३१३०३७/४०२<br>जारी मिति : २०६३/१०/१२<br>ठेगानाः दामन-२, मकवानपुर |   | अरुण कार्कीको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं ४ स्थित कि.नं. ४३१५ को क्षेत्रफल ०-०-११-७५-० को जग्गा । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना